# इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

भोलानाथ पोखेल

स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्ष

परीक्षा रोल नं. २८१९०६ (२०७१)

त्रि.वि. दर्ता नं.६-१-१-४८-२००४

भर्ना बर्ष : २०६९



शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय क्याम्पस

कीर्तिपुर, २०७३

## सिफारिस पत्र
## (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि **इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन** शीर्षकको शोधपत्र भोलानाथ पोखेलले मेरो निर्देशनमा तयार पार्नु भएको हो । म प्रस्तुत शोधपत्र मूल्यांकनको लागि मूल्यांकन समिति समक्ष सिफारिस गर्दछु ।

....................................

प्रा. डा. ध्रुवराज शिवाकोटी
शोध निर्देशक
शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर

मिति : २०७३

## स्वीकृतिपत्र

## (Approval Letter)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, केन्द्रिय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विभाग,स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि **इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समितिः**

| | |
|---|---|
| १. विभागीय प्रमुख | ................................ उप. प्रा. मीनराज पौडेल |
| २. वाह्य सुपरिवेक्षक | ................................ प्रा.डा. महेशराज दाहाल |
| ३. शोधनिर्देशक | ................................ प्रा.डा.ध्रुवराज शिवाकोटी |

मिति : २०७३

## कृतज्ञता ज्ञापन (ACKNWOLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गतको अर्थशास्त्र शिक्षा विभाग स्नातककोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत **इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको  आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन** शीर्षकको शोधपत्र शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारेको छु । सर्वप्रथम मेरो शोधपत्र प्रस्तावना स्विकृत गरि शोधपत्र लेख्न सु-अवसर प्रदान गरिदिनुहुने आदरणीय गुरु, शोध निर्देशक प्रा.डा. ध्रुवराज शिवाकोटी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनको क्रममा सहज ढङ्गले आवश्यक सुझाव सल्लाह दिई उत्साह एवम् हौसला बढाइदिनुहुने अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरुहरु प्रति समेत हार्दिक आभार प्रकट गर्दछु ।

स्थलगत अध्ययनको क्रममा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्नुहुने पर्यटन सुचना केन्द्र जोरकलस इलामका गगन घिमिरे, रेडियो फिक्कलका जय राई, पत्रकार तोयानाथ भट्टराई, पर्यटन व्यवसायीहरु, आवश्यक वस्तुस्थिति विवरण उपलब्ध गराईदिने जिल्ला विकास समिति इलाम, गा.वि.स तथा नगरपालिका कार्यालयहरु, मेची पहाडी पर्यटन प्रबर्द्धन समिति, पर्यटन सुचना केन्द्र जोरकलस इलाम, पर्यटन विभाग प्रति आभारी छु । त्यस्तै गरि मलाई पारिवारिक रुपमा वाल्यकाल देखि पढाईप्रति सँधै चासो राख्नुहुने स्व.बुबा जेगेनिधि पोखेल, प्रेरणा र उत्साह साथै समय जुटाइ दिनुहुने आमा सावित्रा पोखेल, दाजु अशोक कुमार पोखेल भाउजु इन्दिरा पोखेल साथै मेरा दिदिहरु भान्जा हिमाल प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै गरि मलाई यो स्तर सम्म ल्याई पुर्‍याउने विद्यालयहरु श्री बालविकास प्रा.वि., श्री कृष्णश्रम उ.मा.वि कन्याम महेन्द्ररत्न बहुमुखी क्याम्पस परिवार र शोधकार्यको लागि बिदा स्विकृत गरि सहयोग गर्ने सूर्योदय नगरपालिका कार्यालय प्रति समेत आभारी छु । अन्त्यमा मलाई यस स्रोत पत्र तयार पार्नको लागि सहयोग प्रदान गर्नुहुने साथिहरु, सुदिप पराजुली, डोरेन्द्र कुमार पोखल, डिल्लीराम गजुरेल लगायतका सहपाठी साथिहरुलाई र प्राविधिक सहयोगका लागि मार्स फोटोकपी सेन्टर नयाँबजार कीर्तिपुरलाई विशेष रुपमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

शोधकर्ता

भोलानाथ पोखेल

## शोधसार (ABSTRACT)

सुदुर पुर्वी नेपालको इलाम जिल्लामा संचालन भइरहेका पर्यटन लक्षित व्यवसाय अर्थात **"इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन"** शोध पत्र लेख्नुको मुख्य उद्देश्य इलाम जिल्लामा रहेका पर्यटकीय क्षेत्रहरुको बारेमा पहिचान गरि उल्लेख गर्नु, इलाम जिल्लामा संचालित पर्यटन व्यवसायले व्यवसायीहरुको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गर्नु रहेको छ । यस अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि परिमाणत्मक र गुणात्मक ढाँचाको प्रयोगबाट तथ्याङ्क संकलन गरी उक्त व्यवसायमा संलग्न ५६८ व्यवसायीहरु मध्ये समानुपातिक प्रतिनिधित्व हुने गरि अध्ययन क्षेत्रमा रहेका पर्यटन व्यवसायीहरु मध्ये, होटल/लज संचालक, सवारी चालक, होम स्टे संचालक हर्स राईडर, पर्यटन लक्षित कृषि जन्य बस्तु उत्पादन गर्ने उत्पादकहरु मध्येबाट जम्मा १०० जना व्यवसायहरुहरु छनौट गरी प्रश्नावली, र स्थलगत अवलोकनलाई प्रमुख औजारको रुपमा लिइ अध्ययन गरिएको छ । तथ्याङ्क संकलनको क्रममा इलाम जिल्लाका प्रमुख पर्यटकीय क्षेत्रहरुमा गई तिनीहरुको बारेमा स्थलगत अवलोकनको क्रममा अवलोकन फारम निर्माण गरि आवश्यक सुचना तथा तथ्याङ्क संकलन गरिएको छ । त्यसैगरि अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यवसायीहरुबाट प्राप्त सुचनाहरुलाई प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा लिइएको थियो भने, मेची पहाडी पर्यटन प्रवर्धन समिति, इलाम पर्यटन प्रवर्धन सरोकार समिति, जिल्ला विकास समिति इलाम, केन्द्रीय तथ्याङ्क विभाग, पर्यटन मन्त्रालय पर्यटन विभाग र अन्य संस्थाहरुबाट प्रकाशित र अप्रकाशित तथ्याङ्कहरुको सहयोग लिइएको छ ।

इलाम जिल्ला सुदुर पुर्वी नेपालका प्रमुख गन्तव्य स्थलको रुपमा विकसित भइरहेको छ । यसको मुख्य आधार भनेको यहाँको हरियाली स्वच्छ शितल वातावरण नै हो । यस अध्ययनको क्रममा इलाम जिल्लामा सन्दकपुर, माइपोखरी, कन्याम, श्री अन्तु, सिद्धिथुम्का, छिन्टापु, इलाम नगरपालिका, माङ्सेबुङ, माङ्मालुङ, गजुरमुखी, टोड्के झरना, हाँसपोखरी पाथिभरादेवी, पशुपतिनगर, हाँगेथाम/चोयाटार, मिक्लाजुङ यस क्षेत्रको पयटकीय क्षेत्र र पर्यटन व्यवसायको प्रशस्त सम्भावना रहेका क्षेत्रहरु हुन ।

अध्ययनको लागि नमुना छनौट गरिएको क्षेत्रमा पर्यटनलाई लक्षित गरि होटल/लज, होम स्टे, हर्स राइडिङ, सवारी चालक कृषि जन्य बस्तु उत्पादन गर्ने तथा अन्य पर्यटन

लक्षित व्यवसाय गरि जम्मा ५६८ परिवारका व्यवसायीहरुको वर्तमान अवस्थाको बारेमा उल्लेख गरिएको छ । जसमा सबैभन्दा बढी होटल/लज संचालकहरु रहेको र होम स्टे व्यवसायीको सुरुवातको चरणमा रहेको छ ।

अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुको व्यवसायगत औषत बार्षिक आम्दानी, खर्च तथा बचतको अवस्थालाई अध्ययन गरि विश्लेषण गरिएको छ । जसमा होटल संचालकले औषतमा सबैभन्दा बढी औ.रु. १२,५०,००० आम्दानी गर्ने गरेको पाइयो भने सवैभन्दा कम लगानी औ रु. १,५०,००० गर्दा औ.रु. ५,००,००० हर्स राइडिङ् व्यवसायले आम्दानी गरेको देखिन्छ जुन अन्य व्यवसायीहरुको औषत लगानीको तुलनामा बढी रहेको देखिन्छ ।

पर्यटन व्यवसाय र  पर्यटन व्यवसायमा संलग्न परिवारका अन्य सदस्यहरुको गैर पर्यटन व्यवसायबाट हुने आम्दानीलाई तुलना गरीएको छ । पर्यटन व्यवसायबाट औषत बार्षिक आम्दानी रु. ७,८३,३३३.३३ रहेको छ भने गैर पर्यटन व्यवसायमा औषत बार्षिक आम्दानी रु. ४,१०,००० रहेको छ । जुन गैर पर्यटन व्यवसायको औषत बार्षिक आम्दानी भन्दा रु. ३,७३,३३३.३३ ले बढी हुन आँउछ ।

पर्यटन व्ययवसायको किसिम, संख्या औषत बार्षिक आम्दानी, खर्च र बचतको विवरण अध्ययन गरि प्रस्तुत गरिएको छ । जस अनुसार बढी आम्दानी रु. १२,५०,००० हुने होटल  व्यवसायको खर्च रु. ५,००,००० देखिन्छ  जुन अन्य व्यवसायको भन्दा औषतमा बढी हो । व्यवसायगत आम्दानी तथा खर्च र बचतको अवस्थालाई हेर्दा व्यवसायीहरुको औषत बचतमा सन्तोषजनक  अवस्था देखियो । त्यसैगरी  पर्यटनलाई आधार मानेर व्यवसाय संचालन गर्ने संचालकहरुको व्यवसायगत हुने विभिन्न खर्चको क्षेत्र जम्मा औषतमा हुने खर्चको विवरणलाई समेत अध्ययनमा विश्लेषण गरिएको छ ।

व्यवसायीहरुको व्यवसाय संचालनको लागि व्यवसाय संचालनको लगानीको आधारलाई अध्ययनले विश्लेषण गरेको छ । संक्षेपमा भन्नु पर्दा पर्यटनलाई प्रमुख आधार बनाएर संचालन गरिने व्यवसायको सुरुवातको लागि कम्तीमा ५० प्रतिशत रकमको मैज्दात हुन आवश्यक देखिएको छ । लामो समयदेखि यस क्षेत्रमा दर्ता भइ सचंलन भइरहेकका व्यवसायहरु संचालन गर्नका लागि चाहिने कम्तीमा २५ प्रतिशत सहयोग स्थानीय बित्तिय संस्थाहरु तथा चिनजानका साथीभाई तथा साहुमाजनको ऋण सहयोगमा सचंलन भइरहेको देखिन्छ भने होम स्टे संचालनका लागि उपयुक्त स्थानमा घर भएको खण्डमा सामान्य वस्ने

कोठा तथा खानेकुराको व्यवस्थापनका लागि चाहिने मात्र रकम लगानीले सचंलन गर्न सकिने देखिएको छ ।

नमुना छनौटमा परेका व्यवसायीहरुको शिक्षाको अवस्थालाई हेर्दा निरक्षर व्यवसायीहको संख्या शुन्य पाइएको छ । अध्ययन क्षेत्रका रहेका पर्यटन व्यवसायीहरु सामान्य साक्षर सम्म रहेका छन् । साक्षर मात्र भएका व्यवसायी संख्या ६ प्रतिशत छ भने ३४ प्रतिशत व्यवसायीहरुले उच्च मा.वि. सम्म अध्ययन गरेको पाइयो जुन अन्य व्यवसायीहरुको संख्याको तुलनामा सबैभन्दा उच्च संख्या हो ।

व्यवसायीहरुका विद्यालय जाने उमेर समुहका बालबालिकाको अवस्थालाई हेर्दा १०० परिवारका जम्मा ६० जना बालबालिका रहेकोमा ४९ जना बालबालिकाहरु निजी विद्यालयमा अध्ययन गर्दै गरेको पाइन्छ । त्यसमा पनि १६ जना बालबालिकाहरु जिल्ला बाहिरका निजी विद्यालयमा अध्ययन गर्दै गरेको अध्ययनले देखाएको छ । सरकारी विद्यालयमा जाने विद्यार्थीहरुको संख्या कम हुनुमा व्यवसायीहरुको आर्थिक अवस्था सवल रहेको तथा हाल निजी विद्यालयको तुलनामा सरकारी विद्यालयको शैक्षिक विश्वासनियता कम रहेको देखिन्छ ।

अध्ययनका क्रममा अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुका व्यवसायगत विभिन्न समस्याहरुहरुका बारेका विश्लेषण गरिएको छ । मुख्य रुपमा भाषाको समस्या, तालिमको अभाव, भू-स्वामित्वको समस्या, व्यवसाय संचालन गर्ने छुट्टै ठाँउको समस्या, व्यवसाय तथा व्यवसायीहरुका सूरक्षणको समस्या तथा कतिपय व्यवसायको बारेमा सुचना संचार र व्यवसाय दर्ता सम्बन्धी लगायतका समस्याहरुका वारेमा विश्लेषण गरिएको छ ।

यो अध्ययनमा समावेश पर्यटन व्यवसाय तथा व्यवसायीहरुका समस्या समाधानका उपायहरुको समेत चर्चा गरिएको छ । व्यवसायीहरुलाई समय समयमा तालिम तथा अभिमुखिकरणको व्यवस्था हुनुपर्ने, व्यवसाय तथा व्यवसायीका सुरक्षा, व्यवसाय संचालन गर्ने छुट्टै स्थानको व्यवस्था गर्नु पर्ने जस्ता विविध समाधानका उपायहरु समेत खोजी गरि व्याख्या विश्लेषण गरिएको छ ।

# विषय सूची (TABLE OF CONTENTS)

सिफारिस पत्र (RECOMMENDATION LETTER) I

स्विकृति पत्र (APPROVAL LETTER) II

कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENT) III

शोधसार (ABSTRACT) IV

विषयसूची (TABLE OF CONTENTS) VII

तालिका सूची (LIST OF TABLE) XII

संक्षिप्त शब्द सूची (LIST OF ABBREVIATION) XIII

**अध्याय एक - परिचय**

**(CHAPTER-ONE : INTRODUCTION)**

**१. परिचय (Introduction) १**

१.१ अध्ययनको पृष्ठभूमी (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ४

१.३ अध्ययनको उद्देश्य (Objectives of the Study) ६

१.४ अनुसन्धान प्रश्नहरु (Research Questions) ७

१.५ अध्ययनको औचित्य (Significance of the Study) ७

१.६ अध्ययनको सीमाङ्कन (Delimitations of the Study) ८

१.७ अध्ययनको सङ्गठन (Organization of the Study) ९

**अध्याय दुई -सम्वन्धित साहित्यको पुनरावलोकन**

**(CHAPTER –TWO: REVIEW OF RELATED LITERATURE)**

**२. सम्वन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature) १०**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature) १०
२.२ पूर्व अध्ययनहरुको पुनरावलोकन (Review of Previous Studies) १३
२.३ पुनरावलोकनको अध्ययनको प्रयोग (Implication of the Review for Literature) १७
२.४ अनुसन्धान अन्तर (Research Gap) १८
२.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) १९

**अध्याय तीन - अध्ययन विधि तथा प्रक्रिया**

**(CHAPTER-THREE: METHODS AND PROCEDURE OF THE STUDY)**

३. अध्ययन विधि तथा प्रक्रिया (Methods and Procedure of the Study) २०
३.१ अध्ययन ढाँचा (Design of the Study) २०
३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरु (Data Collection Sources) २०
३.२.१ प्राथमिक तथ्याङ्क (Primary Data) २०
३.२.२ सहायक तथ्याङ्क (Secondary Data) २१
३.३ जनसंख्या, नमुनाको आकार र नमुना छनौट रणनिति (Population, Sample Size and Sampling Strategy) २१
३.३.१ जनसंख्या (Popuation) २१
३.३.२ नमुना आकार (Sample Size) २३
३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy) २३
३.४ अध्ययन क्षेत्र(Study Area) २३
३.५ तथ्याङ्क संकलनका साधन र तरिकाहरु (Data Collection Tools and Techniques) २३
३.५.१ तथ्याङ्क संकलनका साधनहरु (Data Collection Tools) २३
क) प्रश्नावली (Questionnare) २४
ख) अवलोकन फारम (Observation Form) २४
३.५.२ तथ्याङ्क संकलनका तरिकाहरु (Data Collection Techqunics) २४

क) अन्तरवार्ता (Interview) २४
ख) सहभागीतामुलक अवलोकन (Participatiory Observation) २५
३.६ तथ्याङ्क विश्लेषण र व्यख्याको तरिका (Technique of Data Analyis and Interpretation) २५

## अध्याय चार -नतिजाको प्रस्तुतीकरण र ब्याख्या

## (CHAPTER –FOUR: ANALYSIS AND INTERPREATATION OF RESULT)

४.१ अध्ययन क्षेत्रको परिचय (Introduction to Study Area) २६
४.१.१ इलाम जिल्लाको परिचय (Introduction to Ilam District) २६
४.१.२.इलाम जिल्लामा रहेका प्रमुख पर्यटकीय क्षेत्रहरु (Major Tourism Areas of the Ilam Distric) २८
४.१.३.इलाम जिल्लामा संचालित प्रमुख पर्यटन व्यवसायहरु (Major Tourism Enterprises Operated in Ilam District) ३३
(क) होटल/लज (Hotel/Lodge) ३४
(ख) घर वास (Home Stay) ३४
(ग) घोड चडी (Horse Riding) ३४
(घ) सवारी चालक (Driver) ३४
(ङ) पर्यटक लक्षित कृषि जन्य वस्तु उत्पादक (Tourist Oriented Agirculture Goods Producter) ३५
(च) अन्य व्यवसाय (Other Enterprises) ३५
४.१.४ इलाम जिल्लाका पर्यटन व्यवसायीहरुको आर्थिक अवस्था (Economic Status of Tourism Enterprenure in Ilam district) ३७
४.१.४.१ पर्यटन व्यवसाय बाहेक अन्य पेशाबाट हुने आम्दानी, खर्च र बचतको विवरण (Income, Expenditure and Saving Status of Other Enterprises Except Tourism) ३९

४.१.४.२ पर्यटन व्यवसाय र गैर पर्यटन व्यवसायको आम्दानी बिचको तुलना (Compare the Income Between Tourism Enterprises and Non Tourism Enterprises) ४१

४.१.४.३ विविध, खर्च तथा बचत (Extra Expenditure & saving) ४२

४.१.४.४ लगानीको अवस्था (Investment Status) ४३

४.१.५ इलाम जिल्लाका पर्यटन व्यवसायीहरु र उनीहरुको परिवारको शैक्षिक अवस्था (Educational Status of Enterprenure and Their Family of Ilam District) ४४

४.१.५.१ व्यवसायीहरुको शैक्षिक स्तर (Educational Level of Enterprenure) ४५

४.१.५.२ उमेरको आधारमा परिवारका बालबालिकाको संख्या (Number of Children by Age of the Family) ४६

४.१.५.३ परिवारका बालबालिकाको शैक्षिक संस्था सम्बन्धी विवरण (Description of Educational Institution Studying by Children) ४७

४.१.५.४ पर्यटन व्यवसायीहरुको परिवारका बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Children to the Family Engaged in Tourism Enterprises) ४९

४.१.६ इलाम जिल्लाका पर्यटन व्यवसायको समस्या तथा समाधानका उपायहरु (Problems and Method of Solution to Tourism Enterprises in Ilam District) ४९

४.१.६.१ समस्याहरु (Problems) ५०

४.१.६.२ समाधानका उपायहरु (Methods of Solutions) ५२

४.२ प्राप्तीहरुको साराशं (Summary of Findings) ५४

## अध्याय पाँच - निष्कर्ष तथा सुझावहरु

## (CHAPTER –FIVE: CONCLUSION AND RECOMMENDATIONS)


५. निष्कर्ष तथा सुझावहरु (Conclusion and Recommendations) ५८

५.१ निष्कर्ष (Conclusion ) ५८

५.२ सुझावहरु (Recommendations) ६०

५.२.१ निति सम्बन्धी सुझाबहरु (Policy Releted Recommendations) ६०

५.२.२ प्रयोगात्मक क्षेत्र सँग सम्बन्धित सुझावहरु (Practical Releted Recommendations) ६१

५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझावहरु (Future Reserch Releted Recommendations) ६१

**सन्दर्भ सूची (References)**

**अनुसुचीहरु (Appendixs)**

# तालिका सूची (LIST OF TABLE)


| | | | |
|---|---|---|---|
| तालिका | १ | : | अध्ययन क्षेत्रको जनसंख्याको आकार २०७२ |
| तालिका | २ | : | पर्यटन व्यवसायीहरुको व्यवसायगत संख्या २०७२ |
| तालिका | ३ | : | पर्यटन व्ययवसायको किसिम, संख्या औषत बार्षिक आम्दानी, खर्च र बचतको विवरण २०७२ |
| तालिका | ४ | : | पर्यटन व्यवसाय बाहेक अन्य पेशाबाट हुने आम्दानी खर्च र बचतको विवरण २०७२ |
| तालिका | ५ | : | पर्यटन व्यवसाय र गैर पर्यटन व्यवसायको आम्दानी बिचको तुलना २०७२ |
| तालिका | ६ | : | विविध खर्च तथा बचतको विबरण २०७२ |
| तालिका | ७ | : | पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको व्यवसाय सञ्चालनको लागि गरिएको औषत लगानीको अवस्था २०७२ |
| तालिका | ८ | : | व्यवसायीहरुको शैक्षिक स्तर २०७२ |
| तालिका | ९ | : | बालबालिकाको उमेरगत विवरण २०७२ |
| तालिका | १० | : | शैक्षिक संख्या सम्बन्धी विवरण २०७२ |

# संक्षिप्त शब्द सूची (LIST OF ABBREVIATION)

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| औ.आ. | : | औषत आम्दानी |
| क्र.स. | : | क्रम संख्या |
| गा.वि.स. | : | गाँउ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| नि.मा.वि | : | निम्न माध्यमिक विद्यालय |
| बा.आ. | : | बार्षिक आम्दानी |
| वि.सं. | : | विक्रम संवत् |
| लि. | : | लिमिटेड |
| रु. | : | रुपैँया |
| औ.बा. | : | औषत बार्षिक |
| औ.रु. | : | औषत रुँपया |
| औ.ला | : | औषत लागत |
| त्रि.वि. | : | त्रिभूवन विश्वविद्यालय |
| न.पा. | : | नगरपालिका |
| S.L.C. | : | School Leavening Certificate |
| V.D.C | : | Village Development Committee |

# अध्याय-एक

# (CHAPTER-ONE)

## १.परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमी (Background of the Study)

'अटन' मा 'परि' उपशर्ग लागेर बनेको पर्यटन शब्दको शाब्दिक अर्थ भ्रमण हो । एक स्थलबाट अर्को स्थलहरूमा गरिने भ्रमणहरूलाई पर्यटन भनिन्छ । पर्यटन देश र विदेश जता पनि हुन्छ । यसरी देश विदेश घुम्ने महत्त्वपूर्ण स्थलहरूको भ्रमण गर्ने संस्कृति रीतिरिवाज परम्परा रहनसहन जीवनशैली अध्ययन गर्ने एतिहासिक पुरातात्विक एवं धार्मिक स्थलहरूमा अध्ययन अनुसन्धान गर्ने प्रकृति सैन्दर्यमा रमाउने जस्ता विभिन्न उद्देश्य बोकेर आँउने व्यक्तिहरूका लागि आवश्यक पर्ने सवै सुविधाहरू उपलव्ध गराउनका लागि गरिने व्यवसाय नै पर्यटन व्यवसाय हो । पर्यटकलाई सुविधा दिने उद्देश्यले खोलिने होटल उद्योग, ट्रेकिङ्ग एजेन्सी आदिको व्यवस्था गरि विदेशी मुद्राको आर्जन गर्ने अभिप्रायबाट यस्ता व्यवसायहरू संचालन गरिन्छ । यस्ता व्यावसाय संचालन गर्दा आउने वा आउन सक्ने समस्या नै चुनौती हुन । नेपाल प्राकृतिक सैन्दर्यताले सिगांरिएको वैभवशाली मुलुक भएकाले यहाँ पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ (शर्मा, २०१४) ।

पर्यटन शब्द फ्रान्सेली भाषाबाट उत्पती भएको हो फ्रान्सेली भाषामा Toutism को अर्थ एक ठाँउबाट अर्को ठाँउमा विभिन्न कारणबाट भ्रमण गर्नेलाई बुझाउदथ्यो । संयुक्त राष्ट्रसंघ, अन्तराष्ट्रिय पर्यटन संगठन सङ्घ र विश्व पर्यटन संघले पनि लिसर लिक्रेसन होलिडे स्टडी एण्ड विजनेस र फेमिलि एण्ड मिसन शीर्षक अन्तर्गत विभिन्न उद्देश्य लिएर भ्रमण गर्ने जो कोही मानिसलाई पर्यटक भनेर परिभाषित गरेको छ (घिमिरे २०६५)। पर्यटनलाई अंग्रेजीमा 'Tourism' भनिन्छ जुन Tour र ism मिलेर बनेको छ । 'Tour' शब्द ल्याटिन भाषाको टोरनस (Tornos) शब्द बाट व्यूत्पन्न भएको हो, जसको अर्थ वृत अथवा एउटा केन्द्र बिन्दुको वरिपरी घुम्ने चक्र भन्ने हुन्छ । जसमा भएको प्रत्यय 'ism'ले प्रक्रिया अथवा वयवहार भन्ने बुझिन्छ । यसको आधारमा एक स्थानबाट सुरु भई एउटा यात्रा पुरा गरी वृतजस्तो सोहि स्थानमा फर्किनुलाई 'Tour' भनिन्छ भने यस्तो प्रक्रियालाई 'Tourism' भनिन्छ (Kunwar,2002) ।

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल, विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधिर संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिबृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधिकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा बृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्बर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्को तर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक बृद्धि गर्नु आवश्यक छ (संस्कृती पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, २०६५) ।

आर्थिक वर्ष २०६८/६९ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा रु ३० अर्ब ७० करोड रहेकोमा २०६९/७० मा यो रकम ३ अर्ब २१ करोड ७० लाखले ( ११ प्रतिशत ) वृद्धि भई रु.३४ अर्ब २१ करोड १० लाख पुगेको छ । आर्थिक वर्ष २०७०/७१ को प्रथम ८ महिनामा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा रु ३० अर्व ४३ करोड रहेको छ । विदेशी मुद्रा आर्जनको यही स्थिति कायम रहेमा आर्थिक वर्ष २०७०/७१ को अन्तसम्ममा यो रकम रु ४५ अर्व ४६ करोड पुग्ने देखिन्छ । आर्थिक वर्ष २०७०/७१ को प्रथम ८ महिनामा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्राको अनुपात कुल विदेशी मुद्रा आर्जनको अनुपातमा ४५ प्रतिशत, कुल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा २०.४ प्रतिशत र आर्जित कुल विदेशी मुद्राको अनुपातमा ४.९ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०७०) ।

ऐन अनुसार पर्यटन उद्योग भनी तोकिएका उद्योगहरू दर्ता गर्नु अगाडि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहमती लिनु पर्नेछ । होटल, लज रेष्टुरां बार आदी उद्योगहरू दर्ता गर्दा होटल, लज रेष्टुरां बार तथा पथ पर्दशक नियमावली २०३८

अनुसार हेरी पर्यटक स्तरको हो वा होइन भन्ने छुट्यााई पर्यटक स्तरको भए संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिकृया प्राप्त गरेर मात्र उद्योग दर्ता गर्नु पर्नेछ । तर रेस्टुराँ तथा बार संचालन गर्ने उद्योग सीधै ऐनको दफा ३ (ङ) वर्गमा राखी दर्ता गर्न सकिने छ तर क्याविन सहितको रेष्टुरेण्ट भने दर्ता गर्न पाइनेछैन (उद्योग मन्त्रालय, २०६८) ।

नेपालमा विद्यमान अवस्थामा कृषि प्रशोधन उद्योग, पर्यटन, जलविद्युत् तथा जडीबुटी प्रशोधन उद्योग आदिको सर्वोत्तम प्रयोग गरी आर्थिक वृद्धिदर उच्च गर्ने सम्भावना बढी देखिन्छ । त्यस्ता उद्योगमा हुने लगानीबाट बेरोजगारी न्यून गर्न तथा गरिबी निवारण गर्न ठोस योगदान पुग्नसक्ने तथ्यप्रति सबैको ध्यान जानु आवश्यक छ । यी विभिन्न थरीका उद्योगमध्ये पनि विदेशी मुद्रा आर्जन तथा रोजगारी प्रवर्द्धनका लागि ठोस विकल्पका रूपमा पर्यटन उद्योगलाई लिन सकिन्छ । धुवाँ रहित उद्योगको रूपमा विश्वव्यापी बन्दै गएको पर्यटन व्यवसाय संसारका सबै देशका लागि लगानीको प्रतिफल छिटो दिने एउटा दरिलो आर्थिक अवसर प्रमाणित भएको कुरा विश्व पर्यटन सङ्गठनको तथ्याङ्क ले पुष्टि गर्दछ । अहिले विकासोन्मुख देशका लागि आर्थिक प्रगतिको मूल मार्ग नै पर्यटनलाई लिन सकिन्छ । देशको प्राकृतिक र सांस्कृतिक सम्पदाको कुशल सम्पादन एवं व्यवस्थापनबाट पर्यटनले राज्यको आर्थिक क्षेत्रसँग सम्बन्धित हरेक पक्षमा प्रभाव पारेको देखिन्छ । यसले राष्ट्रिय आम्दानी, प्रतिव्यक्ति आय, करको बढोत्तरी, विदेशी मुद्रा आर्जनदेखि बेरोजगारी समस्या समाधान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । त्यस्तै पर्यटन विकासको पूर्वाधार विकासका लागि देशका विभिन्न भागमा विकासका आवश्यक तत्वका रूपमा रहेका होटल, लज, ट्राभल एजेन्सी, हवाई तथा सडक यातायात, खानेपानी, विद्युत् तथा सञ्चार जस्ता विकास निर्माणका कार्य पनि अघि बढ्ने हुनाले यसले क्षेत्रीय विकासलाई पनि टेवा पुऱ्याउनुका साथै घरेलु उद्योग, तयारी कपडा, ऊनी गलैंचा, हस्तकला तथा कृषि जस्ता व्यवसायको विकासमा पनि सकारात्मक असर पार्न सक्दछ (बस्नेत, २०७१) ।

पर्यटन एक सेवामुलक उद्योग हो । नेपाल पर्यटकका लागि आकर्षक र रमणीय स्थल भएकाले यसको संख्यामा दिन प्रतिदिन वृद्धि हुदै गएको छ र यसले विदेशी मुद्रा आर्जनमा ठूलो सहयोग पुगेको छ । तुलनात्मक लाभका दृष्टिकोणले नेपालको अन्य क्षेत्रमा भन्दा सुदृढ स्थितिमा रहेको पर्यटन उद्योग वातावरणीय दृष्टिकोणले मैत्रीपूर्ण रहेको स्थानिय

जनसहभागिता पर्याप्त मात्रामा रहने गरेको, रोजगारीको दृष्टिकोणले प्रत्यक्ष फाइदा पुग्ने गरेको तथा विदेशी मुद्रा आम्दानीको प्रमुख स्रोत रहेकोले पर्यटन क्षेत्रको संभावना दिनानु दिन बढ्दै गएको छ । पर्यटकलाई सेवा सुविधा दिने संस्थाहरुको अभावका कारण पर्यटनलाई उद्योगको रुपमा नलिइ सामान्य व्यवसायको रुपमा लिइयो तर यसले राष्ट्रलाई सकरात्मक प्रभाव पर्ने विचार गरी वि.सं. २०३३ सालमा छुट्टै पर्यटन मन्त्रालयको स्थापना भएपछि यस क्षेत्रमा संरचनागत परिवर्तनहरु गरीए । पर्यटन ऐन तथा नियमहरु लागु गरिए । पर्यटन नीति २०५२ र हवाई नीति २०५० लागु गरिए । पर्यटन व्यवसायलाई पर्यटन उद्योगको रुपमा विकास गरियो । पर्यटन व्यवसाय संचालन गर्न निजी क्षेत्रलाई प्रोत्पाहन गरियो । सरकारी र निजी क्षेत्रको सहयोग लिने गरी ऐन द्वारा  वि.सं. २०५५ मा नेपाल पर्यटन बोर्डको स्थापना गरियो । सरकारको आर्थिक बजेट मार्फत पर्यटन विकासमा थप सुविधा प्रदान गरियो । पर्यटन क्षेत्रको  विकास र विस्तार गर्ने क्रममा हाल आएर पर्यटन नीति २०६५ र हवाइ नीति २०६३ लागू भई पर्यटनको क्षेत्रमा केही सुधारको प्रयास भएका छन् (भुसाल, २०७०)।

इलाम एक अत्यन्त रमणीय जिल्ला हो । एक पटक इलाम पुगेका मानिस इलामप्रति मोहित नभएका र पुनः इलाम जाने इच्छा नसोचेको उदाहरण पाइँदैनन् । इलामको भौगोलिक विविधता र जैविक विविधताभित्र प्रत्येक अङ्गका आफ्ना अलग आकर्षण छन् । मेची, सिद्धि, विरिङ, टिमाई, जोगमाई, पुवामाई, देउमाई अदि पवित्र नदिहरुको अजर धाराबाट सिञ्चित इलामको भू-भाग हरियाली नै हरियाली युक्त छ । यहाँको उष्ण, शीतोष्ण हरदै अति शीतल जलवायुमा संसार भरी पाइने प्रायः सबै प्रकारका वनस्पति देख्न पाइन्छ । कुहिरो र घाम सँग लुकामारी खेल्ने पूर्वदेखि पश्चिम सम्मका डाँडाहरु अत्यन्तै रमणीय लाग्छन् । उत्तरका अग्ला पर्वत श्रृङ्खलाले मानिसको अदम्य अध्यावसायलाई झल्कारिरहेका हुन्छन् भने दक्षिणका उर्वर फाँटहरुले किसानका खलाहरुमा सुनको वर्ष गरिरहेका हुन्छन् । इलामको जुनसुकै पक्ष अतुलनीय छ, अविस्मरणीय छ । पर्यटकीय दृटिले इलाम अरु जिल्ला भन्दा अगाडी रहँदै आएको छ (शर्मा, २००७) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

भौगोलिक बनावट र प्राकृतिक सौन्दर्यताले गर्दा नेपालमा पर्यटन व्यवसायको प्रसस्त सम्भावनाहरू रहेका छन् । देशको राजनैतिक अस्थिरता, उपयुक्त पर्यटन व्यवसाय

नितिको अभाव, तथा अवस्यक मात्रामा पूर्वाधारको अभाव लगायत कारणले सम्भाव्ता अनुसार यस व्यवसाय फस्टाउन नसकेपनि देशका विभिन्न पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिएका क्षेत्रहरूमा यस व्यवसायबाट आशिंक रुपमा स्थानिय क्षेत्रको आर्थिक स्थितिमा प्रगती भइरहेको देखिन्छ ।

गरिबीको छायाँमा जिउन बाध्य नागरिकको जीवनस्तरमा सुधार ल्याउन पर्यटन व्यवसाय उपयोगी हुने देखिन्छ । पर्यटन व्यवसायको प्रवर्धन गर्दै यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्न राज्यले यस क्षेत्रमा गर्दै आएको लगानीमा बढोत्तरी गर्नु आवश्यक छ । समग्र नेपाललाई नै पर्यटकीय आकर्षणको केन्द्र बनाउन सकिन्छ । यहाँ रहेका विश्वका उच्च हिमशृंखला एवम् मनोरम पहाडी शृंखला, मठमन्दिर, बुद्धको जन्मथलो लुम्बिनी लगायत असंख्य गुम्बाको प्रवर्द्धन गरिनुपर्छ । संसारभरका हावापानी यो सानो मुलुकमा उपलब्ध छ । यसकारण पनि विश्वभरका पर्यटक यहाँ आकर्षित हुन्छन् । अहिले पनि विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन नै हो । पर्यटक यहाँ आएरमात्र पुग्दैन उनीहरूको बसाई पनि लम्ब्याउन सक्नुपर्छ । त्यसका लागि सुरक्षा, यातायात, सरसफाईमा ध्यान जानु आवश्यक छ । त्यतिमात्र होइन योग, ध्यान तथा प्राकृतिक चिकित्साका माध्यमबाट पनि पर्यटकलाई आकर्षित गर्न सकिन्छ । यसका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन पर्यटन विकासको योजना तयार गरी कार्यान्वयनमा ल्याउनु जरुरी छ । दस वर्षे माओवादी सशस्त्र द्वन्द्व र संक्रमण काल, शान्ति सुरक्षाको प्रत्याभूतिमा कमीका कारण पनि यसको प्रवर्द्धन हुननसकेको हो । सन् १९९५ मा अन्तराष्ट्रिय पर्यटकको आगमन ३ लाख ६३ हजार ३ सय ९५ रहेकोमा सन् २०११ मा ७ लाख ६३ हजार २ सय १५ मात्रै पुग्नसक्यो। सन् २०११ लाई नेपाल सरकारले नेपाल पर्यटन वर्षको रूपमा मनाएका कारण सन् २०१२ मा ९.१ प्रतिशतले वृद्धि भई पर्यटक संख्या ८ लाख ३ हजार ९२ पुगेको देखिन्छ । तर यो संख्या सन् २०१३ मा आएर वढ्नु पर्नेमा ०.७ प्रतिशतले घटेर ७ लाख ९८ हजारमा झर्न पुगेको छ । काठमाडौँमा रहेका पशुपतिनाथ, प्युठानको स्वर्गद्वारी, रसुवाको गोसाइँकुण्डका साथै देवघाट, मनकामना, पाथिभरा मन्दिर, पाल्पाको महामृत्युञ्जय शिवासन, बुद्ध जन्मभूमि लुम्बिनी, स्वयम्भुनाथ जस्ता धार्मिक स्थल पनि पर्यटकका लागि आकर्षक गन्तव्य हुन् । यसका अतिरिक्त काठमाडौँ उपत्यकाका ऐतिहासिक तथा कलात्मक दरवार, मन्दिर विभिन्न कला, भेषभुषा, रहनसहन, बाजागाजा, संस्कृति, मनोरम दृष्यका कारण पर्यटक आउने गरेका छन् । यति हुँदाहुँदै पनि आवश्यक मात्रामा पूर्वाधारको विकास

हुन नसक्दा पर्यटकको संख्यात्मक वृद्धि तथा बसाई अवधि लम्ब्याउन सकिएको छैन(हमाल, २०७१) ।

नेपालको सुदुर पूर्वी जिल्ला इलाम प्राकृतिक सुन्दरता, स्वच्छ हावापानी, तथा यहाँ विविध संस्कृति र स्थानिय उत्पादनहरूले गर्दा पर्यटकहरूका लागि उचित गन्तव्य वन्न सक्ने देखिन्छ । यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रहरूको संरक्षण प्रचार प्रसार पर्यटकहरूका लागि उचित सुरक्षा र सुविधाहरू उपलब्ध गराउन सकेमा यसवाट आन्तरिक तथा वह्य पर्यटकहरूको संख्यामा बृद्धि गरी ठूलो मात्रामा आर्थिक उपलब्धी हासील गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा निम्न समस्यागत प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) इलाम जिल्लाका पर्यटकीय क्षेत्रहरु कुन कुन हुन ?
२) इलाम जिल्लामा पर्यटन व्यवसायीहको आर्थिक अवस्था कस्तो रहेको छ ?
३) व्यवसायीहरुको तथा उनिहरुका बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ ?
४) व्यवसायीहरुको लगानीको आधार कस्तो छ ?
५) इलाम जिल्लाका पर्यटन व्यवसायीहरुले कस्ता कस्ता समस्याहरू भोग्नु परेको छ ?
६) व्यवसायीहरुका समस्या समाधान गर्न के के गर्नु पर्ला ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

प्रस्तुत अध्ययनको साधारण उद्देश्य इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव अध्ययन गर्नु रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१) इलाम जिल्लामा रहेका प्रमुख पर्यटकीय क्षेत्रहरू र पर्यटन व्यवसायहरुको पहिचान गर्नु ।
२) इलाम जिल्लाका पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरूको आर्थिक तथा शैक्षिक अवस्था पत्ता लगाउनु ।
३) इलाम जिल्लामा रहेका पर्यटन व्यवसायको समस्याहरु र समाधानका उपायहरु प्रस्तुत गर्नु ।

## १.४ अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु यसप्रकार रहेका छन्

१) इलाम जिल्लामा रहेका प्रमुख पर्यटकीय क्षेत्रहरु कुन कुन हुन ?

२) इलाम जिल्लामा रहेका सम्भावित पर्यटकीय क्षेत्रहरु कुन कुन हुन ?

३) इलाम जिल्लाका पर्यटन व्यवसायका समस्याहरु के के छन् :

## १.५ अध्ययनको औचित्य (Significance of the Study)

नेपाल सानो तथा भू-परिवेष्ठीत देश भएता पनि प्राकृतिक सोन्दर्यताले भरिपुर्ण छ । यहाँका प्राकृतिक सौन्दर्यता तथा मनमोहक दृश्यले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आर्कषण गरेको छ । यस्ता प्राकृतिक विविधता भएको देश संसारमा कमै होला । विविध हावापानी, जैविक विविधता र प्राकृतिक स्रोतहरूलाई उचित सदुपयोग गर्न सकिएको खण्डमा यहाँ विभिन्न प्रकारका व्यवसायहरू सञ्चालन गर्न सकिन्छ । कृषि वन र अन्य प्राकृतिक क्षेत्रहरूको उचित प्रर्वधन गरिपर्यटन व्यवसायलाई व्यवस्थित बनाउन सकिन्छ । कृषिक्षेत्रले मात्र आवश्यकता अनुसार रोजगारी सृजना गर्न नसक्ने हुनाले रोजगारीको क्षेत्र बृद्धि गर्नको लागि पर्यटन व्यवसायले पनि महत्त्वपूर्ण स्थान लिन सक्ने सम्भावना देखिन्छ ।पयर्टनमार्फत हुने वस्तु, सेवा र मानवीय क्रियाकलापको विस्तारले एक स्थान र अर्को स्थानबीच मानवीय, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक लगायतका सम्बन्ध विस्तार र सुदृढीकरण हुन्छ । जसले भाइचारा, ऐक्यबद्धता लगायत विकासका अरु थुप्रै सम्भावनालाई उजागर गर्दछ । कतिपय मुलुकहरू पर्यटन विकासका कारणले मात्र विकसित बनेका छन् । कतिपय सहरहरूको आर्थिक उपार्जनको माध्यम नै पर्यटन हो । नेपालले पनि पर्यटन विकासबाट फइदा लिनसक्ने प्रशस्त सम्भावना छ । जैविक विविधता, प्राकृतिक सौन्दर्य, विश्व समुदायमा रहेको छवि, सांस्कृतिक वैभव, सस्तो वस्तु सेवाहरूको उपलब्धता, सहयोगी संस्कृति नेपालमा पर्यटन व्यवसाय विकास र विस्तारका सम्भावना हुन् (मैनाली, २०७१) ।

विशेषगरी नेपालको ग्रामीण क्षेत्रमा घरेलु तथा साना उद्योगहरूको अवस्था कस्तो छ ? उक्त उद्योगहरूले व्यक्ति तथा परिवारको आर्थिक तथा उनिहरूको बालवालिकाहरूको शैक्षिक अवस्थामा कस्तो प्रभाव पारेको छ, यस क्षेत्रमा भएका यावत समस्याहरूलाई कसरी

समाधान गर्न सकिन्छ भन्ने सवालमा यो अध्ययन उपयोगी हुनेछ र यस अध्ययनको औचित्यलाई निम्नलिखित बुँदामा समेटिएको छ ।

(१) विदेशी मुद्रा आर्जन गर्न ।
(२) पर्यटन व्यवसायका संभावनाहरू पहिचान गर्न ।
(३) स्थानिय रोजगारीको अवसरमा बृद्धि गर्न ।
(४) स्थानिय कला संस्कृती र प्राकृतिक सम्पदाको प्रर्बधन गर्न ।
(५) पर्यटन व्यवसायीहरूको समस्याहरू र यसको समाधानका उपायहरू पहिचान गर्न ।
(६) पर्यटन व्यवसायले स्थानिय व्यवसायीहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको पहिचान गर्न ।

## १.६ अध्ययनको सीमाङ्कन (Deimitations of the Study)

यस अध्ययनलाईप्रभावकारी, यथार्थपरक, औचित्यपुर्ण र उपयोगी बनाउन तथा समय र अर्थ लागतका सीमितताको कारण निश्चित सीमाभित्र बाँधिएको छ । यस अध्ययनलाई निम्नानुसार सीमाबद्ध गरिएको छ ।

१) यो अध्ययनलाई इलाम जिल्ला क्षेत्र भित्र मात्र सीमित गरिएको छ ।
२) प्रस्तुत अध्ययनमा पर्यटन व्यवसायको मात्र अध्ययन गरिने छ ।
३) प्रस्तुत अध्ययनले इलाम जिल्लामा पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गरिएको छ ।
४) प्रस्तुत अध्ययनमा इलाम जिल्लाको पर्यटकीय क्षेत्रहरूबाट मात्र नमुना संकलन गरिएको छ ।
५) यस अध्ययनमा उल्लेखित पर्यटन व्यवसाय भन्नाले लिल्लामा सञ्चालित होटल व्यवसायी, सवारी चालक, हर्स राइडर, होम स्टे तथा पर्यटनसँग प्रत्यक्ष सम्बन्ध राखी वस्तुहरू उत्पादन गर्ने कृषि जन्य उद्योग व्यवसायलाई बुझिन्छ ।

## १.७ अध्ययनको सङ्गठन (Organization of the Study)

यस अध्ययनको अध्याय एकमा परिचय खण्ड रहेको छ । यस अन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अनुसन्धान प्रश्न, अध्ययनको महत्त्व, अध्ययनको सीमालाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ । जस अन्तर्गत सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व साहित्यको समिक्षा र अध्ययनको सैद्धान्तिक वा अवधारणात्मक  ढाँचा रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि र अनुसन्धान पद्धति रहेको छ । यसमा अध्ययनको ढाँचा, जनसङ्ख्या, नमुना छनोट, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क सङ्कलनका औजारहरु र तथ्याङ्क सङ्कलन विधि रहेको छ । अध्याय चार अन्तर्गत तथ्याङ्कको प्रस्तुती र विश्लेषण रहने छ । अध्याय पाँच अन्तिम अध्याय रहेको छ । यस अभ्यायमा सबै कुराहरुको साराशं, निष्कर्ष, प्राप्तिहरु र सुझावहरु प्रस्तुत गरिएको छ । यस सँगै अध्ययनको सिलसिलामा उपयोगमा ल्याईएका अनुसूचीहरु तथा सन्दर्भ सूचीलाई समेत समावेश गरिएको छ ।

## अध्याय-दुई

## (CHAPTER – TWO)

### २.सम्वन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्यायमा अनुसन्धान शिर्षक सँग सम्बन्धीत विभिन्न पाठ्य पुस्तकहरु, अनुसन्धान प्रतिवेदनहरु, पत्रपत्रिका जस्ता अभिलेखको पुनरावलोकन गरिएको छ । यो अनुसन्धान प्रस्ताव तयार गर्दा पुनरावलोकन गरिएका अभिलेखहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ( Review of Theoretical Literature)

पर्यटन ऐन (२०३५) का अनुसार “पर्यटन व्यवसाय” भन्नाले,-पर्यटकहरूको निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनको सेवा पुऱ्याउने, पर्यटकहरूलाई नेपाल राज्यभित्र वा नेपाल राज्यबाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने र सो वापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार,पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू विक्री गर्ने कारोवार, पर्यटकहरूलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रूपमा कला, संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी, आयोजना, मेला, प्रचार, प्रसार अभियान सन्चालन गर्ने कार्यलाई समेतलाई बुझिन्छ ।

http://ne.wikipedia.org (२०७१) मा उल्लेख गरिए अनुरुप कृषि तथा पशुपालन इलामको मुख्य पेशा भएपनि व्यापारले पनि मुख्य पेशाको स्थान लिएको छ। ईलाम बजार,बिब्ल्याँटे, फिक्कल, पशुपतिनगर, नयाँबजार, मङ्गलबारे, देउराली यहाँका मुख्य व्यापारीक केन्द्रहरू हुन् । इलाम बजार जिल्ला सदरमुकाम हो, जुन राजधानीदेखि करिब ८५० कि.मी को दूरीमा अवस्थित छ। चिया पत्ती, अलैँची, अदुवा, आलु, अम्लिसो, अकबरे खुर्सानी, ईस्कुस, दूध आदि यहाँका मुख्य कृषि उपज हुन् । इलाममा हाल १० भन्दा बढी चिया प्रशोधन कारखानाहरू रहेका छन् । इलामको अर्थोडक्स चिया युरोप र अष्ट्रेलियाली बजारमा निकै लोकप्रिय छ । यसका अतिरिक्त पशुपालन खासगरी गाई पालन पेशा पनि इलाममा फष्टाएको पेशा हा । प्राचिन समयमा यहाँ बेलायती तथा स्थानीय जातका

गाईबस्तुहरू पाल्ने गरिन्थ्यो भने अहिले आएर जर्सी, होलेस्टेन जातका गाई पाल्ने प्रचलन रहेको छ । पशुपालनमा बाख्रा तथा उच्च हिमाली भेकमा भेडा पनि पाल्ने गरिन्छ, जुन खासगरी मासु तथा ऊनका लागि खपत हुन्छ । हाँस, कुखुरा, सुँगुर, माछा पालनको चलन पनि बढ्दो रहेको छ । व्यापारमा कृषि उपजको अतिरिक्त लत्ता कपडा एवं दैनिक उपभोगका सामानहरू स्थानीय बजारमा विक्री वितरण हुन्छ । तेस्रो मुलुकबाट उत्पादित विद्युतीय उपकरण, जुत्ता, फेन्सी कपडा, छाता आदि सामान किन्न सीमास्थित बजारहरू भारतीय ग्राहकहरूले भरिएका हुन्छन्। यहाँको हरियालीयुक्त वातावरण का कारण विस्तारै पर्यटन पनि उद्योगको रूपमा फस्टाउने संकेत देखा परेको छ।सेती देवी, पञ्चकन्या, सिंहवाहिनी, पाथीभरा, गजुरमुखी आदि धार्मिक तथा कन्याम, करफोक, मंगलबारे आदि पर्यटकीय स्थान इलामले समेटेको छ। सबै भाग पहाडी भेकमा पर्ने यस जिल्लाको प्राकृतिक सौन्दर्यका कारण विस्तारै पर्यटकीय गन्तव्यको रूपमा इलाम चिनिँदैछ। नौ कुना भएको माईपोखरी तथा टोड्के झरना हेर्न पर्यटकहरूको ओइरो लाग्ने गर्दछ। हरियाली युक्त चियाबारी भएको कन्याम डाँडामा वनभोज खानेहरूको ताँती लाग्ने गर्दछ ।

http://www.ilampostonline.com,(२०७०) मा दिइएको विवरणमा नेपाल भित्रिने अधिकांश पर्यटकहरू मनोरञ्जन, यात्रा तथा भ्रमणका लागि आउने गरेका छन् । अर्थमन्त्रालयले बिहीबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षण अनुसार २०६९ पुसदेखि २०७० पुससम्मको अवधिमा नेपाल आएका कुल पर्यटकमध्ये ५४.९ प्रतिशत पर्यटकको उद्देश्य मनोरञ्जन तथा भ्रमण गर्नु रहेको छ । यस अवधिमा ७ लाख ९७ हजार ७ सय ५९ पर्यटक नेपाल भित्रिएका थिए । जसमध्ये पदयात्रा तथा पर्वतारोहणका लागि १२.२ प्रतिशत, तीर्थयात्राका लागि ५.१ प्रतिशत, प्रशासकीयतर्फ ५ प्रतिशत, व्यापारको शिलशिलामा ३.८ प्रतिशत, सभा तथा सम्मेलनका लागि २ प्रतिशत, साहासिक जलयात्राका लागि ०.२ प्रतिशत र १४.८ प्रतिशत अन्य उद्देश्यले नेपाल भित्रिएका छन् । नेपालमा सबैभन्दा बढी पर्यटक भारतबाट आउने गरेका छन् । समिक्षा अवधिमा नेपाल भित्रिएका कुल पर्यटकमध्ये भारतबाट २३ प्रतिशत, चीनबाट ११.२ प्रतिशत, श्रीलंकाबाट ७.५ प्रतिशत, अमेरिकाबाट ७.३ प्रतिशत, यूकेबाट ४.७ प्रतिशत रहेका छन् । विगत १० वर्षदेखिको तथ्याङ्क हेर्दा पर्यटकीय भ्रमणका दृष्टिले यी ५ देशहरू प्रमुख रहँदै आएका छन् । आर्थिक वर्ष २०६९र०७० मा ३४ अर्ब २१ करोड १० लाख रुपैयाँ विदेशी मुद्रा आर्जन भएको छ । जुन रकम अघिल्लो वर्षको तुलनामा ११ प्रतिशत अर्थात ३ अर्ब ५० करोड ७० लाख रुपैयाँले

बढी हो । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा पर्यटन क्षेत्रबाट ३० अर्ब ४३ करोड रुपैयाँ रहेको छ । विदेशी मुद्राको आर्जन यहि रफ्तारमा भए चालु आर्थिक वर्षको अन्त्यसम्ममा ४५ अर्ब ४६ करोड रुपैयाँ पुग्ने सरकारी प्रक्षेपण छ ।

बस्नेत (२०७०) का अनुसार नेपालमा पर्यटकहरू विशेष गरी विभिन्न ठाउँको दृश्यावलोकन, शीतल पहाडी ठाउँको हावापानीको अनुभूति, कला संस्कृतिको पहिचान, पर्वतारोहण, तीर्थाटन, व्यापारका साथै देशको वस्तु स्थिति अध्ययन गर्न आउने गर्दछन् । नेपालमा भइरहेको विदेशी पर्यटकको भ्रमण उद्देश्यको गतिविधिलाई हेर्दा मनोरञ्जनका लागि आएका पर्यटकको सङ्ख्या सन् २००० मा कुल सङ्ख्याको ५५.२ प्रतिशत देखिएकोमा सन् २००९ मा यो ३४.० प्रतिशत मात्र रहेको देखिन्छ । नेपालमा पर्यटकको कुल आगमनमा मनोरञ्जनका लागि आउनेको सङ्ख्या धेरै भए पनि क्रमिकरूपमा यिनीहरूको सङ्ख्या घट्दै गइरहेको तथ्याङ्क बाट पुष्टि हुन्छ । पर्यटन उद्योगको विकासका लागि अन्तर्राष्ट्रिय सम्पर्कको ठूलो आवश्यकता पर्दछ । प्रजातान्त्रिक अभ्यासको सुरुवात भएपछि ( सन् १९५१ देखि)मात्र नेपालमा पर्यटन विकासका गतिविधि खुलारूपमा देखापर्न थाल्यो र विदेशीहरूका लागि नेपालको ढोका खुला भयो । सन् १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेपछि नेपाल र नेपालीको गौरव विश्वभरि फैलियो । सडक यातायात र हवाई मार्गबाहेक अन्य कुनै विकल्प नभएको नेपालमा सन् १९५० मा पहिलोपल्ट गौचरन हवाई अड्डा हालको त्रिभुवन विमानस्थलको मैदान बन्यो त्यहाँ हवाईजहाजहरू उत्रन थाले । त्यस्तै सन् १९५६ मा त्रिभुवन राजपथ बन्यो र यहीँदेखि नेपालमा अन्तराष्ट्रिय पर्यटकको आगमन हुन थाल्यो । नेपालमा आउने विदेशी पर्यटकको वैज्ञानिक ढङ्गले तथ्याङ्क  राख्ने काम सन् १९६२ देखि सुरु भयो । नेपालमा सन् १९९० को दशकमा कुल पर्यटकको आगमन दुई लाख ५४ हजार ८८५ देखिन्छ भने सन् २००० को दशकमा यो सङ्ख्या चार लाख ६३ हजार ६४६ पुगेको पाइन्छ । सन् २००९ मा पर्यटकको कुल सङ्ख्या पाँच लाख नौ हजार ७५२ पुगेको तथ्याङ्क ले देखाउँछ । पर्यटन क्षेत्रबाट नेपाललाई सन् १९९०/९१ मा तीन अर्ब ५८ करोड ७६ लाख रुपियाँ बराबरको विदेशी मुद्रा आर्जन भएकोमा यो अङ्क सन् २००८/०९ मा २७ अर्ब ९६ करोड रुपियाँ पुगेको देखिन्छ । तर पर्यटकको नेपालमा औसत बसाइ अवधि भने सन् २००८ मा ११.७८ दिन रहेकोमा सन् २००९ मा ११.६० दिनमात्र रहेको देखिन्छ ।सन् २००८ मा जम्मा ८८ हजार मानिसले पर्यटन क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाएकोमा सन्

२००९ मा यो सङ्ख्या ९० हजार पुगेको छ । आर्थिक सर्वेक्षण २००९/१० अनुसार पर्वतारोहणबाट मात्र सन् २००९ को प्रथम तीन महिनामा नेपाल सरकारलाई २५ करोड २५ लाख रुपियाँ राजस्व आर्जन भएको देखिन्छ भने सोही समयावधिमा जम्मा ४५० जनाले रोजगारी पाएका छन् ।

श्रेष्ठ (२०६८) को एक अध्ययन अनुसार मुलुकको आर्थिक विकास र त्यसको समानुपातिक वितरण प्रणलीलाई धेरै हदसम्म पूर्ती गर्ने क्षेत्र र त्यसमा पनि ग्रामिण वा स्थानीय पर्यटन हो । स्थानीय तहमा हुने आन्तरिक वा बाह्य पर्यटन प्रबर्द्धनले स्थानीय जनतामा रोजगारी र स्वरोजगारका क्रियाकलापलाई प्रोत्साहन दिन्छ र त्यसको प्रत्यक्ष लाभ ती समुदायका जनताले पाँउछन् त्यसैले इलामको पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न यहाँका प्रम्ख राजनैतिक दल र यसका सरोकारवालाहरुको सहमति पहिलो सर्त रहन्छ । छोटो समयको र दीर्घकालिन योजनामा यो क्षेत्रको प्रवर्द्धनका लागि विशेष व्यवस्था गरिनु अपरिहार्य रहेको छ । पर्यटकलाई दिइने सेवा र सुविधामा बिस्तार गर्नुपर्छ । पर्यटनमा फकाई फकाई सकेसम्म बढी खर्च गराउन सक्नु सफलता मानिन्छ । यस्तो बेला होटेल, लज, रोस्टुराँ परिकरमा स्तरीयता अपनाउनु पर्छ । हँसीलो व्यावहार र घरेलु सदाचार पर्यटकका लागि कहिल्यै नबिर्सने पक्ष बन्न सक्छन् । पर्यटन व्यवसायीले यसमा धेरै ध्यान दिनु जरुरी छ ।

## २.२ पूर्व अध्ययनहरुको पुनरावलोकन (Review of Privious Studies)

शेर्पा (२०७१) का अनुसार नेपालमा रहेको विविधतालाई चिनाउनका लागि पर्यटकहरूको अगुवाको रुपमा काम गर्ने पथप्रदर्शकका रुपमा शेर्पा समुदायका युवाहरू क्रियाशिल छन् । केही बर्ष अघिसम्म पथप्रदर्शकका रुपमा शेर्पा युवाहरू मात्रै यस क्षेत्रमा क्रियाशिल भएपनि अहिले सबै जातजातिले पर्यटन र पथप्रदर्शक पेशा अंगालेका छन् । यसले नेपालको पर्यटन उद्योगलाई महत्त्वपूर्ण र एउटा उद्योगको रुपमा विकास भएको भन्न सकिन्छ । पर्यटन प्रबर्द्धनको नाममा बर्षेनी कराडौं बजेट विनियोजन हुने, नीति निर्माण हुने, कार्ययोजना तयार हुने भएपनि वास्तविक पर्यटन व्यवसायी, पथ प्रदर्शकसम्म त्यस्ले प्रभाव पार्न सकेको अवस्था छैन् । पथ प्रदर्शकहरूलाई समयानुकुल तालिम, पाठ्यक्रम उपलब्ध गराएर पर्यटन व्यवसायलाई थप व्यवस्थित गर्ने र यहाँका परिवर्तनका बारेमा समेत जानकारी दिई दुरुस्त राख्ने हो भने उनीहरूले विदेशी पाहुनालाई दिने जानकारी र

सत्कारको संस्कारमा पनि परिवर्तन आई यस क्षेत्रमा टेवा पुग्न सक्थ्यो तर सरकारको नीति कागजमा मात्रै सिमित हुने, बजेट तथा कार्यक्रम केही प्रबुद्ध व्यक्तिको हातमा पर्ने भएकाले पथ प्रदर्शकहरूले समयानुकुल आफूलाई अपडेट गर्न नसक्दा विभिन्न चुनौती र पेशागत समस्याहरू झेल्न वाध्य छन् । पर्यटनलाई व्यसायिक रुपमा अघि बढाउँदै नेपालको पर्यटन उद्योगलाई थप व्यवस्थित गर्न र अन्तर्राष्ट्रिय क्षेत्रसम्म विस्तार गर्नका लागि प्रविधि र अन्तर्राष्ट्रियस्तरको तालिमहरूमा सहभागि गराउने, विभिन्न सेमिनर, गोष्टिहरूमा सबै पथ प्रदर्शकहरूलाई पालैपालो सहभागि गराएर दक्ष बनाउन सकिन्छ ।

शर्मा (२००७) ले उल्लेख गरे अनुसार सूर्य उदाएको हेर्न पाइने नेपालको सबभन्दा पूर्वी ठाउँ अन्तु डाँडाको विकास गर्ने कुरा इलामको सबैभन्दा पहिलो सार्वजनिक पर्यटकीय चासोको विषय थियो। दार्जिलिङ्गको झुल्के घाम हेर्ने रमणीय टाइगर हिलसँग तुलनीय हाम्रो अन्तु डाँडालाई संसारसँग चिनाउन सकिन्थ्यो तर आधा शताब्दी बितिसक्दा पनि अन्तु क्षेत्रको चित्त बुझ्दो विकास हुन सकेको छैन । त्यस्तै कुरा माईपोखरीको पनि छ, त्यस्तै कुरा अन्य धार्मिक या सांस्कृतिक क्षेत्रको पनि छ। कुरोलाई चुरोमा पुऱ्याउन सकिएको छैन। अन्य क्षेत्रको विकास जस्तै पर्यटकीय विकास पनि अविछिन्न योजनामा भर पर्छ । अन्तुडाँडा, माईपोखरी, गजुरमुखीसम्मराम्रो कालो पत्रे सडक निर्माण हुन सके धेरै मानिस घुम्न जाने कुरा पक्का छ। यसरी नै इलामको उत्तरी क्षेत्रमा पैदल यात्रापथ निर्माण भएका धेरै पर्यटक साहसिलो भ्रमणमा हिंड्ने छन् । सरकारले ठाउँ-ठाउँमा आगन्तुक निवास, शौचालय आदि सुविधाको निर्माण गरिदिन सक्छ। सरकारी क्षेत्रबाट प्रचार प्रसार साथै पर्यटन प्रवर्द्धनका प्रबन्ध सम्बन्धी कार्यहरू गराउन सक्छ । साझेदारीमा पर्यटन विकासका आवधिक योजना तर्जुमा तथा मूल्यांकन गर्दै लानु आवश्यक हुन्छ ।

गौतम (२०१३) का अनुसार नेपालमा पर्यटन विकासको सम्भावना विश्वका राष्ट्रहरू मध्ये उच्च स्थानमा आउँछ । प्रकृतीको वरदान पाएको नेपाललाई भनेजति लगानी गर्न सके पर्यटकहरूको ओहिरो लाग्नेमा दुइमत नहोला । नेपालमा करिब १ सय ४६ वर्ष पहिले शुरु गरिएको चिया खेती यतिवेला समृद्ध आर्थिक श्रोतका रुपमा विकसित हुँदै गइरहेको सबैमा विदितै छ । तत्कालिन वडाहाकीम गजराज थापाले दार्जिलिङबाट विरुवा इलाममा रोपेर शुरु गरेको चिया खेती हाल आएर इलाम जिल्लाका सबै नाङ्गा डाँडाहरू भरिदै गएका छन् । इलाममा मात्र नभएर देशभरका ३५-४० जिल्लामा चिया खेती प्रारम्भ भइसकेको छ । नाङ्गा

डाँडालाई सदुपयोग गरेर रोपिएको चियाका वुट्टाले मुना मात्र होइन प्राकृतिक सुन्दरतामा पनि  निखार ल्याइदिएको छ  । यतिवेला अर्थ उपार्जनको गतिलो माध्यमका रुपमा चिया खेतीले भूमिका निर्वाह गरिरहेको छ । तर विडम्बना नै मान्नुपर्छ हरियो मुना टिपेर कारखानासम्म पुऱ्याउने र सिमित मात्रमा अर्थ उपार्जन गरिरहेका हामीले प्राकृतिक सुन्दरतालाई भरपुर सदुपयोग गरेर दोस्रो फाइदा लिन सकिरहेका छैनौं । विश्ववजारमा गुणस्तरयुक्त चिया वेचेर लोकप्रियता हासिल गरिरहेका हामीले चिया क्षेत्रलाई पर्यटनसँग जोडेर विकास गर्न सकिरहेका छैनौं । जति पिए पनि पिइरहुँ लाग्ने वा जति हेरे पनि हेरिरहुँ लाग्ने हरिया चियावगानमा पर्यटकलाई भित्राएर आर्थिक आम्दानी लिने तर्फ हाम्रो ध्यान जान सकिरहेको छैन् । यसै महत्त्वपूर्ण विषयबस्तुलाई लिएर चिया-पर्यटन (Tea-Tourism) को अवधारणालाई विकास गर्दै पर्यटन प्रवर्द्धन कसरी गर्न सकिन्छ भन्ने विषयबस्तुमा केन्द्रित यसको अवधारणा विकास र प्रबर्द्धन थालिहाल्नु उपयुक्त हुन्छ ।

भण्डारी (२००९) का अनुसार नेपाल क्षेत्रफलका आधारमा सानो र आर्थिक रुपले विपन्न राष्ट्र भए पनि यहाँको प्राकृतिक तथा सांस्कृतिक विविधताका कारण आज पनि नेपाल विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलहरू मध्ये एकका रुपमा परिचित छ । नेपालमा प्राकृतिक सांस्कृतिक धार्मिक खेलकुद स्वास्थ्य तथा मनोरन्जन पर्यटन आदिको उत्तिकै सम्भावना भए पनि विगतका गतिविधिलाई हेर्दा नेपाललाई साहसिक पर्यटनको उत्कृष्ट गन्तव्य स्थल मानिएको छ । नेपालको धरातलीय तथा जलवायु विविधताले साहसिक तथा मनोराजनात्मक र प्राकृतिक पर्यटनलाई आकर्षक बनाएको छ । विगतका पर्यटनसम्बन्धी गतिविधि हेर्दा केही अपवाद बाहेक बर्षेनी पर्यटकहरूको आगमन संख्या बढ्दो छ र यसै तथ्यलाई आधारमानी पर्यटन विकास र प्रवर्द्धनले पनि निरन्तरता पाउँदै आएको छ । विगतमा गरिएका सर्भेक्षण र प्राप्त तथ्याङ्क अनुसार नेपालमा पर्यटकहरू अन्य उद्देश्यको तुलनामा मनोरन्जन घुमफिर र विदा मनाउने उद्देश्यले ६० प्रतिशतभन्दा बढी आउने गर्दछन् । राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अंग भएको र देश विकासका लागि पर्याप्त संभावना बोकेको क्षेत्र भएकाले नेपाल सरकारले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि जोडी दर्दै कार्यक्रम योजना नीति तथा रणनीतिहरू तय गरेको छ । पर्यटनको प्रवर्द्धनका लागि सरकारले हालको अन्तरिम तीन वर्षिय योजना सन् २००६ देखि २००९मा समेत प्राथमिकता दिएको छ । देशको अस्थिर अवस्थाले थिलथिलो भएको पर्यटन क्षेत्रलाई यो प्रयास सम्वृद्धिको एउटा खुड्किलो सावित हुन सक्छ तर यसका लागि सरकारी प्रयास मात्र

पर्याप्त नहुने भएकाले पर्यटन क्षेत्रसँग सम्बन्धित सबै क्षेत्रहरूको पहल र जागरुकताको आवश्यकता पर्दछ ।

गौतम (२००७) ले उल्लेख गरे अनुसार इलामको अकबरे खुर्सानी र अर्थोडक्स चिया पछिल्ला दिनहरूमा अत्यन्त लोकप्रिय भइरहेका छन् । ललिपप, छुर्पी  चिज तथा घिउजस्ता दूग्ध परिकारहरूमा विविधीकरण भइरहेको छ । फूल खेती र पुष्प व्यवसायले इलामको सुन्दरता र आयआर्जनमा योगदान गर्न थालेका छन् । संस्थागत विद्यालयहरू र सामुदायिक अस्पतालले शिक्षा र स्वास्थ्य क्षेत्रमा सुविधाहरू थपिरहेका छन्।इलाम कृषिजन्य विभिन्न नगदेवालीहरूको अध्ययनको केन्द्र बन्न सक्दछ । चियाको अध्ययनका लागि इलामभन्दा उपयुक्त अर्को थलो नेपालमा छैन । पुस्तक लेख्न एकान्त रोज्नेहरूका लागि इलाम प्रमुख गन्तव्य हुन सक्दछ । प्राकृतिक दृश्यावलोकनमा इलाम कुनै स्थानभन्दा पछि छैन । उत्तरी इलाममा पर्ने महाभारत पर्वतका विभिन्न स्थानहरूबाट कञ्चनजङ्घा देखि सगरमाथा पश्चिम सम्मका हिमशिखरहरू एकै नजरमा अवलोकन गर्न सकिन्छ । सूर्योदय र सूर्यास्तका मनोरम दृश्यहरूका लागि इलाम कहलिएकै ठाउँ हो । इलाम जिल्ला पूरै पैदल यात्राकालागि विविधताले भरिएको मार्ग हुन सक्छ । चरा, पुतली, पानी गोहोरो, रेडपाण्डा जस्ता जीवहरू अध्ययन गर्नेका लागि इलाम लक्षित स्थल बन्न सक्दछ । राई, लिम्बू र लेप्चा जाति र तिनको संस्कृतिको अध्येयताहरूका लागि इलाम उपयुक्त थलो हो । इलामका चारखोलाहरूमा दुवाली थुनेर माछा मार्ने परम्परागत चलनलाई मनोरञ्जनात्मक खेलको रूपमा विकास गर्न सकिन्छ । पर्यटनको चतुर पक्ष भाषिक प्रस्तुति हो किनभने बोल्नेको पीठो बिक्छ । क्षेत्रीयस्तरका सभा, गोष्ठी, सेमिनारहरू गर्न इलाम अत्यन्त रमणीय स्थल हुन सक्छ। यसका लागि निजी क्षेत्रले अलिकति लगानी गरेर होटलहरूमा सुविधा थप्नु मात्रै हो । अन्तुजस्ता गाउँ र त्यहाँ विकास भइरहेको होम स्टे र पेइङ गेस्ट प्रचलनले थोरै आम्दानी भएका पर्यटकहरूलाई राम्रो आकर्षण दिन सक्दछ । सहरका युवाहरूमा बढ्दै गएको हनिमुन यात्राका लागि इलामका प्रत्येक गाउँ आकर्षक हुन सक्दछन् । इलाममा विविधता छ । त्यस विविधतालाई बजार दिनु हाम्रो लागि अहिले चुनौती बनेकोछ । मानिस सहरको प्रदूषणबाट विश्राम लिन पनि भ्रमणमा निस्कन्छन् । यस्ता पर्यटकहरूलाई हाम्रो प्राकृतिक बनौटले सन्तुष्टि दिन सक्दछ । तिनलाई यतातिर आकर्षित गर्ने चुनौती हामीले कबोल्न सर्क्नुपर्दछ ।

## २.३ पुनरावलोकनको अध्ययनको प्रयोग (Implication of the Review for the Literature)

नेपालको भौगोलिक बनावट हरियाली वातावरण, सुन्दर हिम श्रृङ्खला नदिनाला डाँडाकाडा तालतलैया तथा स्वच्छ वातावरणले गर्दा लामो समय देखी देश विदेशका पर्यटकहरु नेपालमा घुमफिर र मनोरञ्जनका लागी आउने गरेका छन् । यसरी विदेशी पर्यटकहरु नेपाल आउनाले यहाँको शैक्षिक, तथा आर्थिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुगेको छ । नेपालमा रहेका पर्यटकीय क्षेत्रहरुमा हाल आएर पर्यटन एक व्यवसाय बनेको छ यसले गर्दा एकातिर स्थानिय स्तरको रोजगारीमा बृद्धि भएको छ भने अर्कोतिर पर्यटकलाई लक्षित गर नयाँ नयाँ व्यवसायको समेत सुरुवात हुँदै आएको पाइन्छ । इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव एक अध्ययनमा पुनरावलोकनको अध्ययनको रुपमा निम्नानुसार प्रयोग गरिएको छ ।

श्रेष्ठ (२०६८) को “इलामको विकासमा पर्यटनको भूमिका” नामक लेख अनुसार पर्यटन व्यवसाय संचालन गर्न इलाम जिल्लामा रहेको स्रोत सम्पदालाई राम्ररी लेखाजोखा गर्नुको साथै नयाँ गन्तव्यको पनि प्रवर्द्धन गर्नु अती जरुरी छ । पर्यटनमा वास्तविकता चाहिन्छ, समर्पण चाहिन्छ र निरन्तरता चाहिन्छ । राष्ट्रिय योजना आयोग (२०७०) का अनुसार अन्तरिम योजनामा पर्यटन आगमन संख्या ३ लाख ७५ हजार बाट ७ लाख पुऱ्याउने, पर्यटन क्षेत्रको प्रत्यक्ष रोजगारी १ लाख पुऱ्याउने लक्ष्य राखिएकोमा मुलुकमा संक्रमणकाल लम्बिएको, लक्ष्य अनुरुप पर्यटन क्षेत्रमा लगानी नभएको, बारम्बार भइरहने बन्द, हडताका कारण अपेक्षित परिणाम आउन सकेको छैन ।

Johson (1994) का अनुसार अन्य उद्योग जस्तो प्राकृतिक सम्पदाको विनासकारी र प्रदुषण उद्योगको रुपमा पर्यटन उद्योग नभएर आर्थिक विकासको सफा बाटोको रुपमा पर्यटन उद्योगलाई लिइएको छ । त्यसैगरी Dahal (2005) का अनुसार पर्यटनको अवस्था अध्ययनमा नगरकोट पर्यटन उद्यनेगको समस्यको रुपमा खानेपानीको समस्यालाई देखाउनु भएको छ । सापकोटा (२०६३) का अनुसार चितवन राष्ट्रिय निकुञ्ज सौराह क्षेत्रको संस्कितमा पर्यटनले पारेको असर एक अध्ययनमा थारुहरुको संस्कृति, भाषा, संस्कृति, भाषा, सांस्कृतिक चालचलनबारे ज्ञानदिने खालका सामग्रीहरु पाठ्यपुस्तकमा समाबेश शुझाव दिएको पाइन्छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा सम्बन्धीत साहित्यको पुनरावलोकन पश्चात अनुसन्धान अन्तर यस प्रकार रहेका छन् ।


कटेल (२०७०) का अनुसार नेपालमा आउने अधिकांश पर्यटक विदा मनाउन, घुम्न तथा हिमाल आरोहण गर्नका लागि आउने गरेका छन् । अध्ययन अनुसन्धानका लागि आउने पर्यटक ज्यादै कम देखिन्छन् भनी उल्लेख गर्नुभएको छ । आचार्य (२०६६) को अध्ययनमा पर्यटन व्यवसायमा महिला सहभागिता भन्ने शिर्षकमा  गरिएको एक अध्ययनमा आफ्ना सामान हराएमा पर्यटकहरुले महिलाहरुलाई चोरीको आरोप लगाउने, सानो त्रुटीमा पनि चर्को गाली गर्ने, आचरणमा शंका गर्ने, यौन दुर्व्यवहार गर्ने गरेको निष्कर्ष छ ।

भट्टराई (२०७०) को एक अध्ययन अनुसार पर्यटनबाट जनताको आर्थिक अवश्था सुधार गर्न र पर्यटन क्षेत्रलाई दिगो आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापना गर्ने लक्ष्यका साथ कार्यान्वयनमा ल्याइएको पर्यटन दुरदृष्टिले नेपाललाई सुरक्षित, आकर्षक र अद्धितिय गन्तव्य स्थलको रुपमा विकास गर्न पर्यटकीय सम्पदाहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्ने सोच राखेको छ भनी उल्लेख गर्नुभएको छ ।

यस अध्ययन इलाम जिल्लामा रहेका पर्यटकीय क्षेत्रहरु र पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुलाई समेटेर इलाम जिल्लामा पर्यटन व्यवसायले पारेको आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन  भन्ने शिर्षकमा गरिएको छ । जसमा इलाम जिल्लाका पर्यटकीय क्षेत्रहरु उल्लेख गरि पर्यटकीय क्षेत्रहरुमा संचालित पर्यटन व्यवसायहरुका बारेमा चर्चा गरिएको छ । यस अध्ययनमा अन्य व्यवसायमा भन्दा पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको शैक्षिक स्तर उच्च पाइएको छ भने आर्थिक स्थिति पनि अन्य व्यवसायीहरुको तुलनामा राम्रो रहेको पाइयो ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)

इलाम जिल्लामा पर्यटन व्यवसायले व्यवसायीहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव निम्नानुसारको अवधारणत्मक ढाँचामा रहि अध्ययन गरिएको छ ।



# अध्याय - तीन

# (CHAPTOR-THREE)

## ३. अध्ययन विधि तथा प्रक्रिया (Methods and Procedure of the Study)

यस अध्यायमा अनुसन्धनको क्रममा प्रयोग गरिने अध्ययन विधि र ढाँचा, तथ्याङ्क संकलन स्रोत, जनसंख्या नमुनाको आकार, अध्ययन क्षेत्र, तथ्याङ्क संकलनका तरिका र तथ्याङ्क विश्लेषण र व्याख्यालाई विभिन्न उप शिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### ३.१ अध्ययन ढाँचा (Design of Study)

यो अध्ययन  पर्यटन व्यवसायको अध्ययनको क्रममा राखिएका उद्देश्यहरु प्राप्त गर्न परिमाणत्मक र गुणात्मक तथ्याङ्क संकलन गरी विश्लेषणात्मक र वर्णनात्मक ढाँचामा आधारित छ । प्राथमिक तथा द्धितीय स्रोतको माध्यमबाट तथ्याङ्कहरु संकलन गरी प्रश्नावली, अन्तवार्ता, अवलोकन प्राथमिक औजारको रुपमा लिइएको छ । द्धितीय औजारको रुपमा इलाम जिल्लाको वस्तु स्थिति विवरण, जिल्ला विकास समिति इलाम, मेची पहाडी पर्यटन प्रबर्द्धन विकास समिति, आर्थिक सर्वेक्षण २०७१ (अर्थ मन्त्रालय), पर्यटन विभाग, उद्योग मन्त्रालय, पर्यटन सुचना केन्द्रलाई आधार मानिएको छ ।

### ३.२ तथ्याङ्क सङ्कलनको श्रोत (Data Collection Source)

यो अध्ययन मुख्यतया प्राथमिक तथ्याङ्क (Primary Data) मा आधारित भएकोले अध्ययनको क्रममा अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गई सम्बन्धित व्यक्तिहरु सँग भेटभाट गरी प्रश्नावली तथा अन्तर्वार्ताको माध्यमबाट आवश्यक सुचना तथा तथ्याङ्क प्राप्त गरिएको छ भने प्राथमिक श्रोतबाट प्राप्त गर्न नसकिएका तथ्याङ्कहरु सकायक श्रोतबाट प्राप्त गरिएको छ । जसको प्रयोगले अध्ययनको निष्कर्षलाई  विश्वसनीय र बैद्यता प्रदान गर्ने छ ।

#### ३.२.१ प्राथमिक तथ्याङ्क (Primary Data )

प्राथमिक श्रोत अन्तर्गत छनौटमा परेका पर्यटन व्यवसायीहरुबाट प्राप्त तथ्याङ्क, सूर्योदय नगरपालिका कार्यालयका कार्यकारी अधिकृत संगको कुराकानी तथा

सरोकारवालाहरुबाट प्राप्त जानकारी र मेची पहाडी पर्यटन प्रवर्द्धन विकास समितिलाई प्राथमिक तथ्याङ्कको श्रोत मानिएको छ ।

### ३.२.२ सहायक तथ्याङ्क (Secondary Data)

अध्ययनलाई वैध तथा विश्वसनीय बनाउनका लागि प्राथमिक श्रोत मात्र पूर्ण श्रोत नहुने भएकोले अध्ययनको क्रममा सहायक तथ्याङ्कलाई पनि समावेश गरिएको छ । जस अन्तर्गत अध्ययन गर्ने क्रममा प्राथमिक तथ्याङ्कको अतिरिक्त आवश्यक पर्ने सहायक सुचना तथा तथ्याङ्क संकलन केन्द्रिय तथ्याङ्क विभाग, पर्यटन मन्त्रालय, पर्यटन विभाग, अर्थ मन्त्रालय जिल्ला विकास समिति इलाम, जिल्ला पर्यटन समिति इलाम, सूर्योदय नगरपालिका कार्यालय र विभिन्न वेभसाइटहरु बाट सङ्कलन गरिएको छ ।

## ३.३ जनसंख्या नमुनाको आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनको लागी आवश्यक पर्ने जनसंख्या र त्यसबाट छनोट गरिएको नमुना आकार तथा नमुना छनौट रणनीति यसप्रकार छ :

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनको जनसङ्ख्याको रुपमा इलाम जिल्लामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले पर्यटकहरूलाई लक्षित गरि व्यवसाय सञ्चालन गरी जिविकोपार्जन गर्ने व्यवसायीहरु ( होटल/लज, होम स्टे संचालक, हर्स राइडर, सवारी चालक, पर्यटक लक्षित कृषिजन्य बस्तु उत्पादक) लाई लिइएको छ । जम्मा ५६८ जना व्यवसायीहरु नै यस अध्ययनको जनसंख्या हो । कुल जनसंख्या मध्ये मध्ये समानुपातिक प्रतिनिधित्व हुने गरि १०० जना व्यवसायीहरुबाट नमुना संकलन गरिएको छ । यस अध्ययनको लागि लिइएको जनसंख्याको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १**

इलाम जिल्लाको जनसंख्याको आकार र नमुना छनौट २०७२

| सि.न | व्यवसाय | कुल व्यवसायी संख्या | नमुना छनोटका लागि लिइएको संख्या |
|---|---|---|---|
| १ | होटल, लज | २१७ | ३५ |
| २ | होम स्टे | ३९ | ७ |
| ३ | सवारी चालक | १७५ | ३० |
| ४ | हर्स राइडर | ४३ | ९ |
| ५ | पर्यटक लक्षित कृषिजन्य बस्तु उत्पादन | ६९ | १४ |
| ६ | अन्य | २५ | ५ |
| जम्मा | | ५६८ | १०० |

*स्रोतः-स्थलगत सर्वेक्षण २०७२*

तालिका १ मा, अध्ययन क्षेत्रमा रहेको व्यवसायीहरुको विवरण नै यस क्षेत्रको जनसंख्या हो । इलाम जिल्लामा रहेका विभिन्न प्रकारका कुल ५६८ पर्यटन व्यवसायीहरु मध्ये समानुपातिक प्रतिनिधित्व हुने गरि जम्मा १०० जना व्यवसायीहरुलाई नमुना संकलनको लागि छनौट गरिएको छ ।

### ३.३.२ नमुना आकार (Sampling Size)

यस अध्ययनमा इलाम जिल्लाका प्रमुख पर्यटकीय क्षेत्रहरु (कन्याम, श्री अन्तु, इलाम नगरपालिका, पशुपतिनगर, फिक्कल, सन्दकपुर, माइपोखरी, गजुरमुखी) बाट पर्यटन व्यवसाय (होटल/लज, होम स्टे, सवारी चालक, हर्स राइडर, पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादक) संचालन गर्ने कुल ५६८ व्यवसायीहरु मध्येबाट समानुपातिक प्रतिनिधित्व हुने गरी जम्मा १०० जना व्यवसायीहरुलाई नमुना छनोटमा राखिएको छ जुन कुल जनसंख्याको १७.६० प्रतिशत हो ।

### ३.३.३ नमुना छनौट रणनीति (Sampling Strategy)

१. यस अध्ययनमा इलाम जिल्लाको पर्यटन व्यवसायलाई उद्देश्यमुलक नमुना छनौट विधिका आधारमा छनौट गरिएको छ ।

२. इलाम जिल्लामा पर्यटन व्यवसायमा रहेका १०० जना व्यवसायीहरुलाई हरेक व्यवसायबाट समानुपातिक प्रतिनिधित्व हुने गरी समाबेश गरिएको छ । यो जनसंख्याको १७.६० प्रतिशत हो ।

३. त्यसैगरी यस अध्ययनमा इलाम जिल्लाको पर्यटन क्षेत्रमा काम गर्ने संघ संस्थाहरु र र सरोकारवालाहरु गरी जम्मा २० जनालाई पर्यटन व्यवसायका समस्याहरु र समाधानका उपायहरुका बारेमा मुख्य स्रोत व्यक्तिका रुपमा लिइएको छ ।

## ३.४ अध्ययन क्षेत्र (Study Area)

इलाम जिल्ला वातावरणीय हिसाबले नेपालको एउटा चर्चित जिल्ला हो । नेपालको ७५ जिल्लामा एउटा सुन्दर शान्त सुन्दर शान्त र विशालताको त्रिवेणी बोकेर इलामेलीको आस्था र विश्वासको दियो बाल्दै उज्वल ज्योति प्रज्वलित गरिएको प्रकृतिको सुन्दर क्रिडाभूमि इलाम साँच्चै नै प्राकृतिक सौन्दर्यले भरिएको भू-स्वर्ग हो । नेपालको कुल क्षेत्रफल मध्ये १७०३ वर्ग किलोमिटरमा आफ्नो अस्तित्व कायम रहेको यो सुन्दर ठाँउको क्षेत्रफल सानो भएतापनि भौगोलिक विविधता अनि प्राकृतिक सम्पदाले भरिपूर्ण कारण नै नेपालभरी र अन्तराष्ट्रिय स्तरमा आफ्नो छुट्टै पहचान कायम राख्न सफल रहेको छ । यसै सौन्दर्य अनि वातावरणीय स्वच्छता वर्षेनी विभिन्न स्थानबाट आउने पर्यटहरुलाई आफ्नो सुन्दर प्रकृतिको काखमा रम्ने अवसर प्रदान गर्न हालसम्म यो क्षेत्र सफल रहेको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधन र तरिकाहरु (Data Collection Tool and Techniques)

### ३.५.१ तथ्याङ्क संकलनका साधनहरु (Data Collection Tools)

यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कको संकलन गर्नका लागि निम्न लिखित साधनहरुको प्रयोग गरिएको छ ।

**क) प्रश्नावली (Questionnare)**

यस अध्ययनलाई पुर्णता दिनका लागि संरचित र असंरचित दुबै प्रकारको प्रश्नावली प्रयोग गरिएको छ । यस अध्ययनको पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको प्रश्नावलीको प्रयोग गरिएको छ । व्यवसायीहरुलाई सोधिएको प्रश्नबाट उनिहरुको आर्थिक अवस्था, व्यवसायीक अवस्था, त्यसबाट प्राप्त आम्दानीको अवस्था, बालबालिकाको शैक्षिक अवस्था जस्ता कुराको अध्ययनमा सहयोग पुगेको थियो । जसको नमुना अनुसुची १ मा राखिएको छ ।

**ख) अवलोकन फारम (Observation Form)**

अध्ययनको अध्ययन क्षेत्रमा रहेका पर्यटन व्यवसायमा संलग्न भएका व्यवसायीहरुको आर्थिक अवस्था रोजगारीका अवस्था, सरसफाई शौचालय आदिको बारेमा अध्ययन क्षेत्रमा गई प्रत्यक्ष अवलोकन गरिएको छ । त्यस्तै गरेर जिल्लामा रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गर्न र पर्यटकीय संभावनाहरुलाई अवलोकन फारमको सहायताबाट संकलन गरिएको छ । जसलाई अनुसुचीमा राखिएको छ ।

### ३.५.२ तथ्याङ्क संकलनका तरिकाहरु (Data Collection Techqunics)

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलनको लागि निम्नलिखित तरिकाहरुको प्रयोग गरीएका छ ।

**क) अन्तरवार्ता (Interview)**

यस अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनको लागि अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट आवस्यक तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनोटमा परेको पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुबाट तथ्याङ्क संकलन गर्नका लागि प्रत्यक्ष प्रश्नउत्तरको माध्यमबाट तथ्याङ्क संकलन गर्न प्रत्यक्ष अन्तवार्ता गरिएको छ ।

### ख) सहभागीतामुलक अवलोकन (Participationary Observation)

यस अध्ययनको उद्देश्य परिपुर्ति गर्नको लागि आवश्यक सूचनाहरुको संकलन गर्न अनुसन्धानकर्ता सम्बन्धीत अध्ययन क्षेत्रका पर्यटन व्यवसायीहरुको, शैक्षिक, स्वास्थ्य सरसफाई, शौचालय, खानेपानी जस्ता कुराहरुको अवलोकन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्यख्या (Data Analyis and Interpretation)

अध्ययनको क्रममा उपलब्ध भएका तथ्याङ्कहरुको विश्लेषण र प्रस्तुतीकरण महत्वपूर्ण कार्य हुन आउँदछ । त्यसैले यस अध्ययनमा शिर्षकको आधारमा तयार पारिएको उद्देश्य र त्यसअनुसार औषत प्रतिशत तालिकामा तालिकीकरण गरिएको छ । त्यस्तै गरेर आवश्यकता अनुसार तथ्याङ्कहरुलाई स्तम्भ चित्र, बृत चित्र आदिमा प्रस्तुत गरी सुझाव सहित निस्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# (CHAPTER-IV)

## ४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण (Analysis and Interpreatation of data

यस अध्यायमा अध्ययनको लागि छनोटमा परेको क्षेत्रको परिचय, अध्ययन क्षेत्रको पर्यटकीय क्षेत्र, अध्ययन क्षेत्रको पर्यटन व्यवसाय र उक्त क्षेत्रका व्यवसायीहरुको आर्थिक तथा शैक्षिक अवस्था, समस्या र समाधानका उपायहरुलाई समेत विश्लेषण गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction To Study Area)

सुदुर पूर्वी ईलाम जिल्ला कृषि व्यवसायको पर्याप्त सम्भावना बोकेको जिल्लाको रुपमा रहेको छ । यस जिल्लाका करिव ६५ प्रतिशत मानिसहरु कृषि व्यवसाय संलग्न रहेको पाईन्छ भने हाल अएर पर्यटन व्यवसायमा पनि मानिसहरु संलग्न हुन थालेका छन् पर्यटन व्यवसायमा मुख्यतया होटल/लज, घोडचडी, घर बास, पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादन लगायतका व्यवसायहरु संचालन भइ रहेको पाईन्छ । यसै जिल्ला अन्तर्गत लाई यस अध्ययनको क्षेत्रको रुपमा प्रस्तुत गरिएको छ ।

### ४.१.१ इलाम जिल्लाको परिचय (Introduction To Ilam District)

इलाम महाभारत र सिंहलिला पर्वत शृङ्खलाको. काखमा समुन्द्री सतहबाट १४० मीटर देखि ३६३६ मीटर उचाईमा १७०३ वर्ग किलोमिटर फैलिएको मध्य पहाडी जिल्ला हो । यसको वूर्वमा भारतको दार्जिलिङ् पश्चिममा मोरङ धनकुटा र पाँचथर उत्तरमा पाँचथर र दक्षिणमा झापा जिल्ला पर्दछन् । इलाम जिल्लाको नामाकरणका बारेमा मुख्य तीन मत रहेका छन् । पहिलो मत अनुसार, लिम्बु भाषाको इ (घुमाउरो) र लाम (बाटो) बाट ब्यात्पति भएको विश्वास छ । दोस्रो मत अनुसार अर्को आदिवासी लाप्चा जातिको रोङ भाषाको इ ( पुत्का मैरीको एक किसिम) र लोम उडेको /बसेको ठाँउ) इलोमबाट इलाम ब्यत्पति भएको विश्वास गरिएको छ । यो क्षेत्रमा बस्ती विकासको प्रारम्भिक अवस्थामा लाप्चाहरुले जतासुकै पुत्का उडेको देखेर इलोम भनी यो ठाँउको नाम राखे । पछि शब्दान्तर हुँदैजाँदा इलोम भयो । तेस्रो पौराणिक मत अनुसार वैवश्ववत राजाकी छोरी इलाले राज्य गरेको हुनाले इलाम नाउँ रहेको भन्ने भनाइ छ । (युद्ध प्रसाद वैद्य)

२०६८ सालको जनगणना अनुसार इलाम जिल्लामा ६४५०२ घरधुरी अन्तर्गत २९०२४४ जनसंख्या रहेको छ भने जनसंख्या बृद्धिदर २.१५ तथा जनघनत्व १६६.०६ वर्ग कि.मि. औषत परिवार सदस्य संख्या ५.१८ जना रहेको छ । त्यस्तै गरेर प्रतिशत ६६.५ रहेको छ जिल्लामा एउटा त्रि.वि को आङ्गिक क्याम्पस २ वटा सम्बन्धन प्राप्त क्याम्पस पाँचवटा सामुदायीक उ.मा.वि.४८ वटा सामुदायिक सरकारी मा.वि. १८ वटा संस्थागत मा.वि. २९ सामुदयिक सरकारी नि.मा.वि.र ४९५ सामुदायिक सरकारी विद्यालयहरु रहेका छन् । राई लिम्बु ब्राम्हण क्षेत्री तामाङ , गुरुङ, मगर लगायतका जातजातीहरुको बाहुल्य बसोबास रहेको जिल्लामा ४३ गाविस र ३ नगरपालिका रहेको छ । इलाम नगरपालिका जिल्लाको सदरमुकाम हो । आज यहाँका परिश्रमी कृषक परिवारहरुले आफ्नो नङ्ग्राा खियार जाँगर र मेहनतसँगै यस जिल्लालाई एयटा नमुनाको रुपमा प्रस्तुत गर्दैछन् यहाँ धान, मकै, तोरी, गँहुँ प्रशस्तै उतपादन हुन्छ । नगदेवालीमा अलौची अम्लिसो, ओलन (दुध), आलु, अदुवा, अकबरे खोर्सानी आदि पर्दछन् । अंगोरा खरायोलाई केही वर्ष अघि सम्म आर्थिक आर्जनको स्रोतको रुपमा लिइएको थियो । अंगोरा खरायोबाट उत्पादित उनलाई बिक्री गर्न बजार नपाउनाले हाल यो हराँउदै गएको छ । आज इलामलाई सात “अ” को जिल्ला पनि भनिन्छ । सात “अ” मा एक थपेर आठ “अ” को जिल्ला बनाउने पनि इलामेहरुको सोच रहेको छ । त्यो हो अतिथि (पर्यटक) । यो कृषि पछिको दोस्रो आर्थिक स्रोत हो यस किसीमको नगदे वालीले यहाँको आर्थिक अवस्था सुल्झाउनमा ठूलो टेवा दिएको छ । यसको अतिरिक्त यहाँको चिया खेती विस्तारले ठूलो ठाँउ आचेगटेको छ । यसै गरी पशुपालन, फलफुल खेती र तरकारी खेतीले पनि उत्तिकै ठाउँ लिएको छ (कार्की,२०५८) । नेपालमै पर्यटकीय दृष्टीकोणले महत्वपुर्ण गन्तव्य मानिएको यस जिल्लामा श्री अन्तु, कन्याम, गुफाथुम्की, माइपोखरी, गजुरमुखी, पाथीभरा, लगायतका थुप्रै पर्यटकीय स्थलहरु समेत रहेका छन् । माई, जोगमाई, पुवामाई र देउमाई चार प्रमुख तथा सहायक नदी उत्पन्न भई दक्षिण तर्फ बगेकाले यसलाई चारखोल उपनामले समेत चिनिने गरिन्छ । जिल्लाको दक्षिणमा उपोष्ण, मध्यमा समशितोष्ण र उच्च पहाडमा उप शितोष्ण हावापानी रहेको छ ।

## ४.१.२. इलाम जिल्लामा रहेका प्रमुख पर्यटकीय क्षेत्रहरु (Major Tourism Areas to the Ilam District)

अध्ययनको लागि छनोटमा परेको क्षेत्र इलाम जिल्लामा पर्यटन व्यवसायलाई स्थापित गराउने तत्व हरु केही नभएर यहाँका प्राकृतिक सुन्दरता तथा स्वच्छ वातारण नै हो । यस जिल्लामा रहेका पर्यटन व्यवसायलाई टेवा पुऱ्याउने प्राकृतिक सम्पदायुक्त क्षेत्रहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

**<u>सन्दकपुर</u>**

सामरिक महत्वको सन्दकपुर इलामको मात्र नभएर पूर्वाञ्चलकै मुख्य गन्तव्य मानिन्छ। इलाम सदरमुकाम इलामबाट माइपोखरी माइमझुवा हुँदै गोरुवालेबाट सन्दकपुर पुग्न सकिन्छ। त्यस्तै माबुबाट कालपोखरी हुदै मोटर चढेर पनि सन्दकपुर पुग्न सकिने भएको छ। सदरमुकामबाट करिब ४५ किलो मिटर दूरीको सन्दकपुर पुग्न पशुपतिनगर, मानेभञ्ज्याङ हुँदै नेपाल-भारत पर्यटन मार्गबाट पनि जान सकिन्छ। सन्दकपुरमा शेर्पाश्याले लगायतका दुई वटा व्यवस्थित र सुविधायुक्त होटल छन्। भारततर्फ पनि सरकारी आवास गृह रहेका छन्।

नेपाली होटलमा नेपाली पर्यटकका लागि खान/बस्नका लागि पनि उति साह्रो महङ्गो पर्दैन। ३ हजार ६ सय ३६ मिटरको उचाइको सन्दकपुर इलामको सबैभन्दा अग्लो स्थान हो। यहाँबाट सगरमाथा, कञ्चनजङ्घा, कुम्भकर्ण लगायत नेपाल-भारत र भुटानसम्मका हिमश्रृङ्खला १८० डिग्रीमा हेर्न सकिन्छ। भारतीय नागरिकलाई सूर्योदयको दृष्य अवलोकनका लागि सन्दकपुर नआई धरै छैन। नेपाल-भारत सीमा क्षेत्र सन्दकपुर सूर्योदय र सूर्यास्त दृष्यावलोकनका लागि चर्चित छ। गुराँस फूल्ने चैत्र महिनामा मात्र होइन हिउँ खेल्ने पुस-माघ महिनामा पनि सन्दकपुरमा पर्यटकको उत्तिकै चहल पहल हुन्छ। नेपाल, भारत, बङ्गलादेशका मात्र नभई तेस्रो मुलुकका पर्यटकहरू समेत सन्दकपुरबाट हिमाली श्रृङ्खलाको सौन्दर्यमा रमाउँदै लेकाली जनजीवन र संस्कृतिको अध्ययन गर्न आउने गरेका छन्। जडिबुटी र दुलर्भ रेडपाण्डा समेत सन्दकपुरका सम्पति हुन्।

## माइपोखरी

इलाम सदरमुकामबाट १३ किलोमिटर उत्तरमा पर्ने माइपोखरी जैविक विविधता र धार्मिक महत्वको स्थल हो। दुई हजार दुई सय २१ मिटर उचाइको माइपोखरी रामसार सूचीमा सूचीकृत छ। दुई सय हेक्टर जलाशय सहितको रामसार माइपोखरी धार्मिक आस्थाको केन्द्र मात्र नभई जैविक विविधताको हिसाबले पनि संवेदनशील क्षेत्र हो। लोपोन्मुख गलैंचे भ्याउ, रुख भ्यागुतो, ठकठके, विभिन्न प्रजातिका रैथाने र आगन्तुक चराचुरुङ्गी माइपोखरी रामसार क्षेत्रमा पाइने गरेको छ। पोखरी वरिपरि विभिन्न प्रजातिका गुराँस, १६ प्रकारका सुनाखरी तथा ६२ प्रकारका जडिबुटी पाइने माइपोखरी धार्मिक वनका पूर्ण मुखिया बताउँछन्।

माइपोखरी आउने पर्यटकले सदरमुकाम देखि त्यहाँसम्म पुग्न गाडीका लागि सामान्यतया एकोहोरो भाडा दुई सय र खान बस्नका लागि एक रातको एक हजार रुपैयाँ प्रतिव्यक्ति खर्च बोके  पुग्छ। माइपोखरीका लागि हिउँद-वर्खा दिनहुँ ८-१० वटा ल्याण्डरोभर गाडीहरूले सेवा दिने गरेका छन्।

## श्री अन्तु

इलामको पर्यटकीय विकासका लागि श्रीअन्तु गा.वि.स. अगुवा गा.वि.स.का रुपमा चिनिन्छ। श्रीअन्तु र समालबुङका बासिन्दाले लगातार आठ पटक ‘श्रीअन्तु महोत्सव’ आयोजना गरी आफ्नो गाउँको प्रचार-प्रसार गरिसकेका छन्। ७ हजार ६ सय ३७ फिट उचाइमा रहेको श्रीअन्तु सूर्योदय दृष्यावलोकनका लागि उपयुक्त ठाउँ हो। श्रीअन्तुको भ्यूटावरबाट सूर्योदय हेर्ने, अन्तुपोखरीमा डुङ्गा शयर गर्ने, चिया खेती र फूल खेती, लोपोन्मुख लाप्चा जातिको संस्कृति र सङ्ग्राहलय यहाँका हेर्न छुटाउन नहुने कुरा हुन्। भारतसँग कुम जोडेको श्रीअन्तुको व्यापारिक सम्बन्ध भारतीय दार्जिलिङ्ग, मिरिक, सिलिगुडीसम्म जोडिएको छ। यसैले यहाँका किसानको जीवनस्तर अन्य जिल्लाका किसानको भन्दा उच्च छ। मेची राजमार्गको फिक्कलबाट १३ किलोमिटर गाडीको यात्राबाट पुग्न सकिने श्रीअन्तुको थप विकासका लागि अहिले अन्तुपोखरीलाई थप मर्मत सम्भार गरिएको छ। श्रीअन्तुका अधिकांश डाँडाहरूबाट भारतको दार्जिलिङ, करसाङ, मिरिक लगायतका सहरहरुको झिलीमिली नजिकै जस्तो देखिन्छ। इलाममा होम स्टेको अभियान

थाल्ने श्रीअन्तुमा आगन्तुकलाई खान, बस्नको कुनै समस्या हुँदैन । यहाँका दुई दर्जनभन्दा बढी घरहरूमा पर्यटकलाई पाहुनाजस्तै गरेर राख्ने व्यवस्था छ ।

## कन्याम

झापाको उखरमाउलो गर्मी छोडेर इलामको कोल्बुडस्थित किटेनी र हर्कटे नाघेपछि आउने ठाउँ हो कन्याम । दाँया-बाँया चियाका समान उचाइका चियाका गाँजलाई चिरेर लम्परासर मेची राजमार्गको चिसो हावामा गाडीभित्रबाट कावा खाँदै हिड्नुको मज्जा नै बेग्लै हुन्छ । कन्याम पूर्वाञ्चलकै रोजाइको वनभोज स्थलका रुपमा विकास भइरहेको छ । हरेक दिन प्रायजसो नेपाली र विदेशीहरूको कन्याममा भीडभाड लाग्ने गरेको छ । अझ शनिबारका दिन कन्याममा दुई सयभन्दा बढी पर्यटकहरूको गाडीको लस्कर लाग्ने गरेको छ ।  भारत, बङ्गलादेश र तेस्रो मुलुकका पर्यटकहरुको पनि बाक्लो उपस्थिति रहने गरेको छ । फिक्कलबाट करिब १२ किलोमिटर दूरीको कन्याम इलाम आउने सबैजसोका लागि काइदा लाग्ने गरेको प्रायः सबै सुनाउँछन् । कन्याम आउने पर्यटकका लागि खान बस्नको कुनै समस्या हुँदैन । कन्याममा नै होटलहरु सञ्चालनमा छन् । त्यस्तै नजिकैको हर्कटे र फिक्कल गएर पनि रात बिताउन सकिन्छ । घोडामा चियाबारी शयर गर्न पाइने यहाँको नौलो विशेषता हो ।

## सिद्धिथुम्का

इलामको अर्को पर्यटकीय स्थल सिद्धिथुम्का पनि अहिले आफ्नो गाउँमा पर्यटक भित्र्याउने कामका अघि बढिरहेको छ । सिद्धिथुम्का लाई देश-विदेशमा चिनाउनका लागि स्थानीयले दुई पटकसम्म सिद्धिथुम्का महोत्सव नै आयोजना गरिसकेका छन् । इलाम सदरमुकाम इलामबाट करिब २० किलोमिटर दूरीको सिद्धिथुम्काले ग्रामीण पर्यटनलाई बढी जोड दिइरहेको छ । सिद्धिथुम्काको डाँडाबाट सूर्योदय र सूर्यास्त तथा हिमश्रृङ्खला र तराईका फाँटको दृष्यावलोकनका गर्न सकिन्छ । ऐतिहासिक खान्द्रुङ गुफा, पञ्चमी बजार, अजम्बरे डाँडा यहाँका  छुटाउनै नहुने पर्यटकीय स्थलहरू हुन् । यहाँ पनि पेइङ गेष्ट अर्थात होम स्टे राम्ररी फस्टाएको छ । यहाँ आउने पर्यटकले पर्यटकीय क्षेत्रहरूको अनुपम दृष्यसँगै चिया खेती, फूल खेती, कृषिमा आधारित जीवनशैली र विभिन्न जातजातिको मौलिक कला संस्कृतिको अध्ययन अनुसन्धान गर्नसक्ने सिद्धिथुम्का गा.वि.स.का सचिव युवराज घोर्साई बताउँछन् ।

**छिन्टापु**

इलाम जिल्लाको उत्तरी क्षेत्रमा रहेको छिन्टापु समुन्द्री सतहबाट करिब ३३०० मिटर उचाइमा अवस्थित दोस्रो अग्लो स्थान हो । यहाँबाट विश्वकै सर्वोच्च शिखर सगरमाथा, कञ्चनजङ्घा, कुम्भकर्ण लगायतका हिमश्रृङ्खला, सूर्योदय, पूर्वाञ्चलका विभिन्न स्थान, प्राकृतिक पोखरी, गुराँसको विविधता, हाब्रे, झारल लगायतका वन्यजन्तु र मनोरम झर्नाहरूको अवलोकन गर्न सकिन्छ ।

**टोड्के झरना**

इलाम जिल्लाको उत्तरी गा.वि.स. माइमझुवाको वडा नं. २ र ३ को बीचमा समुद्र सतहबाट १६०० मिटरको उचाइमा अवस्थित २८० फिट अग्लो टोड्के झर्ना जिल्लाको सबैभन्दा अग्लो झर्ना हो । झर्नाको कञ्चन पानीमा घामको किरणले इन्द्रेणी बनाउँदै सुसाँउदा सबैको मन आनन्दित हुन्छ । यसैको आसपासमा अरु साना ठूला आधा दर्जन झर्नाहरु रहेका छन् ।

**इलाम नगरपालिका**

इलाम जिल्लाको सदरमुकाम समेत रहेको इलाम नगरपालिका डेढ सय बढी पुरानो चियाबारी र चिया कारखाना रहेको ऐतिहासिक पर्यटकीय स्थल हो । इलाम सदरमुकाम तथा आसपासमा मनोरम चियाबारी, नारायणस्थान, सिंहबाहिनी, सेतीदेवी, माइस्थान, भीमसेनस्थान, शङ्करी देवी लगायतका मठमिन्दर, गुम्बा, विभिन्न जातजातिको संस्कृति, परम्परा, कृषि बजार आदिको अवलोकन गर्न सकिन्छ। अहिले इलाम नगरपालिकालाई पोलिथिन झोलामुक्त तथा हरित सहरका रुपमा विकास गरिएपछि यहाँ देश विदेशबाट हजारौंको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक र शैक्षिक अवलोकन भ्रमणका लागि मानिसहरू आउने गर्दछन् ।

**माङ्सेबुङ**

किराँत धर्मगुरु तथा राष्ट्रिय विभूति फाल्गुनन्दको मन्दिर तथा धर्म गुरु आत्मनन्दको आश्रम रहेको यो क्षेत्र किराँती समुदायको अन्तरराष्ट्रिय पवित्र धार्मिक स्थल रहेको छ । बाँझो गा.वि.स.को लारुम्बामा रहेको यो क्षेत्रमा वर्षेनी हजारौंको सङ्ख्यामा देशविदेशबाट

मानिसहरु आउने गर्दछन् । किराँत धर्म तथा संस्कृतिको अवलोकनका लागि यो क्षेत्र निकै अब्बल रहदै आएको छ । यहाँ मासुमंस, मध्यपान धुम्रपान गर्नको लागि निषेध गरिएको छ । त्यसैले माङ्सेबुङलाई शाकाहारी गाउँ भनेर समेत चिनिने गरेको छ ।

**माङ्मालुङ**

इलाम जिल्लाको पशिचमी गा.वि.स. बाँझोमा समुद्र सतहबाट १८२२ मिटरमा अवस्थित यो क्षेत्र किराँत समुदायको पवित्र धार्मिक स्थल पनि हो । प्राकृतिक चट्टानको म्युजियम झैं लाग्ने यहाँ कान्छी औंलाले हल्लाउन सकिने ठुलो ढुङ्गा पनि रहेको छ । कान्छी औंलाले नै हल्लाउन सकिने ढुङ्गा लडाउन भने सकिँदैन ।

**गजुरमुखी**

इलाम जिल्लाको पशिचमी भेगमा समुन्द्र सतहबाट करिब ५०० मिटरको उचाइमा देऊमाई खोलाको किनारमा अवस्थित गजुरमुखी देवीको धाम पूर्वाञ्चलकै प्रसिद्ध धार्मिक स्थल हो । यस क्षेत्रमा धार्मिक अवलोकनका साथै विभिन्न जातजातिको संस्कृति, ग्रामीण जीवनशैली तथा अन्य रमणीय प्राकृतिक स्थलको समेत अवलोकन गर्न सकिन्छ । यहाँ आएर पूजाआजा गर्नाले मनोकामना पूरा हुने विश्वास गरिन्छ ।

**पाथीभरादेवी**

समुद्र सतहबाट करिब २००० मिटरको उचाइमा अवस्थित पाथीभरादेवी मन्दिरलाई ताप्लेजुङमा रहेकी पाथीभरा देवीको बहिनीका रुपमा मानिदै आएको छ । मेची राजमार्गको कोल्बुङ खण्डसँगै रहेको हाँसपोखरी क्षेत्रमा अवस्थित यो मन्दिरमा नेपाल तथा भारतीय क्षेत्रका हजारौं धार्मिक भक्तजन तथा पर्यटकहरू आउने गर्दछन् । यस क्षेत्रमा मात्रै ४१ प्रजातिका सुनाखरी पाइने एक अध्ययनले पुष्टि गरेको छ । धार्मिक स्थलसँगै जैविक विविधताका दृष्टिले हाँसपोखरी क्षेत्र महत्वपूर्ण छ ।

**पशुपतिनगर**

जिल्लाको सुदूरपूर्वी नाका पशुपतिनगर सिमावर्ती बजार, जीवनशैली, मठमन्दिर, गुम्बा तथा झर्ना अवलोकनका लागि आकर्षक पर्यटकीय गन्तव्यका रुपमा रहेको छ ।

भारतीय सिमावर्ती बजार दार्जिलिङ जाने र आउने नाकाका रुपमा रहेको यो बजार आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्रका रुपमा रहेको छ ।

**हाँगेथाम र चोयाटार**

इलाम जिल्लाको उत्तरपूर्वी गा.वि.स. जमुनामा अवस्थित चोयाटार सामुदायिक वनमा विश्वमा नै दुर्लभ मानिएको रेडपाण्डा पाइने भएकाले यहाँ वर्षेनी हजारौँ देशी तथा विदेशी पर्यटक पुग्ने गरेका छन् । यहींको हाँगेथाम क्षेत्र प्राकृतिक पोखरी, चराचुरुङ्गीको अवलोकन, वनस्पति तथा जीवजन्तुको अवलोकनका लागि प्रसिद्ध रहेको छ । अवलोकन तथा ग्रामीण संस्कृति र जीवनशैलीको अनुभूतिका लागि निकै अब्बल रहेको छ । यहाँ आउने पर्यटकलाई पाहुनालाई झैँ मानसम्मान गर्नका लागि 'होम स्टे' अभियान चलाइएको छ । होटलहरू नभएपनि होम स्टेमा आनन्दसँग बस्न सकिन्छ ।

**मिक्लाजोङ**

जिल्लाको सुदुर पश्चिमी गा.वि.स. साकफारा गा.वि.स. तथा छिमेकी मोरङ जिल्लासँग सिमा गाँसिएको यो क्षेत्र सूर्योदय अवलोकन प्राकृतिक दृश्यावलोकन, ग्रामिण जनजीवन, संस्कृति र परम्पराको अवलोकनका लागि प्रशिद्ध पर्यटकीय गन्तव्य हो ।

माथी उल्लेखित मुख्य पर्यटकीय क्षेत्रहरुको चित्र अनुसुची ३ मा राखिएको छ ।

### ४.१.३.इलाम जिल्लामा संचालित प्रमुख पर्यटन व्यवसायहरु (Major Tourism Enterprises of Ilam District)

पूर्वी नेपालको प्रमुख पर्यटकीय गन्तव्य मानिने इलाम जिल्ला मेची अन्चलको, पाँचथर, ताप्लेजुङ्ग र भारतको दार्जिलिङ्ग सम्म जाने प्रवेशद्धारको रुपमा मानिन्छ । जिल्लाका पर्यटकीय क्षेत्रहरु इलाम नगरपालिका, श्री अन्तु, सन्दकपुर, माइपोखरी, सिद्धिथुम्का गजुर्मुखी फिक्कल, पशुपतीनगर तथा पाँचथर ताप्लेजुङ्ग र भारतको दार्जिलिङ्ग लगायतका क्षेत्रमा जाने पर्यटकहरु कोल्बुङ्गमा रहेको प्रशिद्ध पाथिभरा देवीको दर्शन गर्दै हर्कटे बजार हुँदै कन्यामको मनोरम बाताबरण र हरियालीमा रमाएर फोटो खिच्दै घोडामा चडेर मात्र जाने गर्दछन् । राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा २९०२४४ जनसंख्या रहेको यस जिल्लामा मुख्य रुपमा संचालनमा रहेका पर्यटन व्यवसायहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### (क) होटल/लज (Hotel/Lodge)

इलाम जिल्लाको रहेका मुख्य पर्यटकीय क्षेत्र तथा बजार क्षेत्रहरु हर्कटे, कन्याम, फिक्कल, पशुपतिनगर आइबारे, इलाम नगरपालिका, मंगलबारे, माइपोखरी, सन्दकपुर, श्री अन्तु क्षेत्रमा साना ठूला गरि २१७ वटा होटल/लज व्यवसाय सञ्चालनमा रहेका छन् । यस क्षेत्रमा नेपालकै मुख्य चिया उत्पादन हुने भएकाले बाहिरबाट आउने पर्यटकहरुलाई स्थानीय अर्थोडक्स चियाबाट अतिथिहरुलाई सत्कार गर्नु यहाँको होटलहरुको विशेषता हो ।

### (ख) घर वास (Home Stay)

पर्यटकलाई आफुले खाने भान्सामै स्थानीय उपजहरुको प्रयोग गरि स्थानीय स्वाद अनुसारको खानपिन गराएर आफ्नै घरमा सुताउनु हो । होमस्टेमा सस्तोमा खान बस्न पाइन्छ । मनोरम वाताबरण, शितल मौसम, मनोरन्जन र दृश्यावलोकनका लागि प्रशिद्ध यस क्षेत्रमा हाल होम स्टे (घर वास) व्यवसायको पनि सुरुवात भएको छ । घुम्न आउने मानिसहरुलाई घरमै बसेको अनुभव गराई मनोरन्जन गर्न सकिने भएकाले पर्यटकहरु यस तर्फ आकर्षित हुन थालेकोले होम स्टे सञ्चालन गर्न थालेको व्यवसायीहरु बताउँछन् । हाल इलाम जिल्लाको श्री अन्तु/समाल्बुङ्ग, सूर्योदय नगरपालिका, इलाम नगरपालिका, माइमझुवामा गरि ३९ वटा होम स्टे सञ्चालनमा रहेका छन् ।

### (ग) घोड चडी (Horse Riding)

इलाम जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र कन्याममा दृश्यावलोकन बनभोज र मनोरम मनोरम शितलताका लागि आउने आउने पर्यटकहरुलाई घोडामा चडेर चियाका बगानहरुमा रमाउदै मनोन्जन लिन पाउने भएकाले हर्स राइडिङ्ग यस क्षेत्रका स्थानीय बासिन्दाहरुको व्यवसाय बन्दै गएको छ । बिगत समयमा बनभोजका लागि हिउँदमा मात्र धेरै पर्यटकहरु आउने गरेकोले सिजनल जस्तो मानिएको यस पेशा हाल बाह्रै महिना सञ्चालनमा रहेको छ । यस क्षेत्रमा हाल ४३ जना हर्स राइडरहरुले दैनिक यो व्यवसाय सञ्चालन गर्दै आएका छन् ।

### (घ) सवारी चालक (Driver)

अध्ययन क्षेत्रमा रहेका विविध व्यवसाय मध्ये सवारी चालक व्यवसाय पनि अहिले निकै फस्टाएको देखिन्छ । हाल जिल्लामा १७५ जना सवारी चालकहरुले पर्यटकहरुका लागि

सवारी साधन संचालन गरिरहेको यातायात व्यवसायी संघले जानकारी दिएको छ । जिल्लाका पर्यटकीय क्षेत्रहरुमा जान आउनका लागि ट्याक्सीहरु तैनाथ रहेका हुन्छन् । छिमेकी देश भारतको दार्जिलिङ्ग सम्म जान आउनका लागी पनि फिक्कल र पशुपतिनगर क्षेत्रमा यस क्षेत्रबाट ट्याक्सीहरुको व्यवस्था रहेको पाइन्छ ।

### (ङ) पर्यटक लक्षित कृषि जन्य वस्तु उत्पादक (Torist Oriented Agirculture Goods Producter)

८ वटा 'अ' (अदुवा, अलौची, ओलन, अम्लिसो, आलु, अकबरे खोर्सानी, आलु र अर्थोडक्स चिया) को नामले प्रशिद्धी कमाएको इलाम जिल्लाको प्रमुख कृषि नगदेबाली यिनै ८ वटा 'अ' हुन । यिनै प्रमुख नगदेबालीहरुबाट उत्पादित बस्तुहरुले पर्यटकहरुलाई आकर्षित गर्न विभिन्न उद्योगहरु सञ्चालनमा रहेका छन् । ओलन (दुध) बाट उत्पादित विभिन्न परिकारहरु बम्बइसन, ललिपप, चिज, छुर्पी लगायतका बस्तुहरु, स्थानीय क्षेत्रमा उत्पादित हाते अर्थोडक्स चिया उत्पादन गर्ने लगायतका पर्यटकलाई लक्षित गरेर सञ्चालन गरिएका व्यवसायहरु हाल ६९ वटा रहेका छन् ।

### (च) अन्य व्यवसाय (Other Enterprises)

माथी उल्लेखित व्यवसायहरु बाहेक पनि पर्यटकहरुलाई लक्षित गरेर यस क्षेत्रमा अन्य व्यवसायहरु पनि सञ्चालनमा रहेका छन् । चना चटपटे/पानीपुरी बेच्ने, स्थानीय क्षेत्रमा उत्पादिन कोसेली/चिनोहरु बिक्री बितरण गर्ने, बनभोजका लागि तरकारी तथा पानी बिक्री वितरण गर्ने, बाहिरी पर्यटकहरुलाई स्थानीय क्षेत्रमा पथ प्रदर्शकको काम गर्ने लगायतका विभिन्न व्यवसाय सञ्चालन गर्ने गरि जम्मा २५ जना व्यवसायीको संख्या रहेको छ ।

अध्ययन क्षेत्रमा रहेका पर्यटकलाई लक्षित गरि सञ्चालन गरिएका व्यवसायको वर्तमान व्यवसायगत विवरणलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ ।


## तालिका २

पर्यटन व्यवसायीहरुको व्यवसायगत संख्या २०७२

| क्रम संख्या | व्यवसायको किसिम | कुल व्यवसायी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | होटल तथा लज | २१७ | ३८.२० |
| २ | होम स्टे | ३९ | ६.८७ |
| ३ | हर्स राइडर | ४३ | ७.५७ |
| ४ | सवारी चालक | १७५ | ३०.८० |
| ५ | पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादक | ६९ | १२.१५ |
| ६ | अन्य | २५ | ४.४० |
| जम्मा | | ५६८ | १०० |

*स्रोत :- स्थलगत सर्वेक्षण २०७२*

तालिका २ मा इलाम जिल्लामा रहेका पर्यटन व्यवसायमा संलग्न रहेका व्यवसायीहरुमा सबैभन्दा बढि होटल लज व्यवसाय गर्ने व्यवसायीहरु रहेको देखिन्छ । जम्मा २१७ जना व्यवसायीहरु अर्थात कुल व्यवयायीहरुको तुलनामा ४०.३३ प्रतिशत होटल तथा लज संचालकहरु यस क्षेत्रमा रहेको पाइएको छ त्यसैगरि आय दोस्रोमा सवारी चालकहरु रहेको देखिन्छ जम्मा १७५ जना सवारी चालकहरुले कुल व्यवसायीको ३२.५२ प्रतिशत ओगटेको पाइयो भने इलाम अध्ययन क्षेत्रमा रहेका मानिसहरुको मुख्य मुख्य आय आर्जनको स्रोत मानिएको कृषि पेशाबाट पर्यटक लक्षित वस्तु उत्पदन व्यवसाय गर्ने व्यवसायीहरु १२.८२ प्रतिशत रहेको पाइयो । हर्स राइडरहरु ७.९९ प्रतिशत, अन्य पेशा गर्ने ६.६४ प्रतिशत छन् भने सबैभन्दा कम १.६७ प्रतिशत होम स्टे सञ्चालकहरु रहेको पाइयो । अध्ययन क्षेत्रको यस अवस्थालाई निम्नानुसार वृत चित्रद्धारा प्रस्तुत गर्न सकिन्छ ।




*स्रोत :- तालिका २*

### ४.१.४ इलाम जिल्लाका पर्यटन व्यवसायीहरुको आर्थिक अवस्था (Economic Status to Tourism Enterprenure of Ilam District)

अध्ययन क्षेत्रमा रहेका पर्यटन व्यवसायमा संलग्न नमुना छनौटमा परेका व्यवसायीहरुको व्यवसाय, परिवार संख्या र तिनिहरुको बार्षिक आम्दानी, खर्च र बचतको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ३**

पर्यटन व्ययवसायको किसिम, संख्या औषत बार्षिक आम्दानी, खर्च र बचतको विवरण
२०७२

| क्र.सं. | व्यवसायको किसिम | नमुना छनौट गरिएका व्यसायी संख्या | औषत बार्षिक आम्दानी रु.मा | औषत खर्च रु.मा | औषत बचत रु.मा |
|---|---|---|---|---|---|
| १ | होटल तथा लज | ३५ | १२,५०,००० | ५,००,००० | ७,५०,००० |
| २ | होम स्टे | ७ | ६,००,००० | ३,२५,००० | २,७५,००० |
| ३ | हर्स राइडर | ९ | ५,००,००० | १,५०,००० | ३,५०,००० |
| ४ | सवारी चालक | ३० | ७,००,००० | ४,००,००० | ३,००,००० |
| ५ | पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादक | १४ | ११,५०,००० | ७,००,००० | ४,५०,००० |
| ६ | अन्य | ५ | ५,००,००० | ३,००,००० | २,००,००० |
| जम्मा | | १०० | ४७,००,००० | २३,७५,००० | २३,२५,००० |
| औषत | | | ७,८३,३३३.३३ | ३,९५,८३३.३३ | ३,८७,५०० |

स्रोत :- स्थलगत सर्वेक्षण २०७२

तालिका ३ अनुसार व्यवसायमा संलग्न व्यवसायीहरुको बार्षिक आम्दानीलाई लाई हेर्दा होटल व्यवसाय गर्ने परिवारको औ. बा. आम्दानी सवैभन्दा बढि .रु. १२,५०,००० पाइयो । यस व्यवसायमा औ.बा. रु. ५,००,००० खर्च भई आ.बा. रु. ७,५०,००० बचत भएको देखिन्छ । त्यसैगरी पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादन गर्ने व्यवसायीको औ. बा. आम्दानी रु. ११,५०,००० रहेको छ । व्यवसाय संचालनको औ.बा. खर्च रु. ७,००,००० भई औ. बा. बचत रु.४,५०,००० भएको पाइयो भने  सवारी चालकको औषत बार्षिक आम्दानी रु. ७,००,००० हुँदा औ.बा. खर्च रु. ४,००,००० भई  औ.बा. रु.३,००,००० बचत गरेको पाइयो त्यसैगरी  होम स्टे सञ्चालन गर्ने व्यवसायीहरुले औ.बा. आम्दानी रु. ६,००,००० हुँदा औ.वा. रु. ३,२५,००० खर्च भई औ.बा. रु. २,७५,००० बचत गरेको देखिन्छ त्यस्तै हर्स राइडरको औ.बा. आम्दानी रु ५,००,००० हुँदा व्यवसायमा औ.बा. रु. १,५०,००० खर्च भई औ.बा. रु.३,५०,०००  बचत भएको छ  भने  अन्य व्यवसाय गर्नेको

औ.बा. आम्दानी रु. ५,००,००० हुने गरेको र आ.बा. खर्च रु.  ३,००,००० भई बचत औ.बा. रु. २,००,००० भएको देखिन्छ ।

### ४.१.४.१ पर्यटन व्यवसाय बाहेक अन्य पेशाबाट हुने आम्दानी, खर्च र बचतको विवरण (Income, Expenditure and Saving Status of Other Enterprises Except Tourism)

पर्यटन व्यवसायमा संलग्न यहाँका मानिसहरु परिवारका सदस्यहरुले अन्य व्यवसाय पनि गर्दै आएका छन् । होटल व्यवसाय र पर्यटन लक्षित कृषि जन्य वस्तु उत्पादन पर्ने उत्पादन गर्ने व्यवसायीहरुको भने सकेसम्म परिवारका सबै सदस्यहरु एउटै पेशामा संलग्न रहेको पाइयो यी पेशामा एक भन्दा बढी मानिसहरुको आवश्यकता पर्ने भएकोले अन्य केहि व्यक्तिहरुलाई रोजगार समेत दिएको पाइयो भने सवारी साधन चालक र हर्स राइडरहरुको एक जनाले नै उक्त व्यवसाय संचालन गर्न सक्ने भएकाले भने परिवारका अन्य सदस्यहरुले व्यापार, कृषि, पशुपालन लगायतका व्यवसाय संचालन गर्ने गर्ने गरेको पाइयो । यसरी पर्यटन व्यवसायमा संलग्न व्यक्तिका परिवरका सदस्यहरुले संचालन गर्ने अन्य व्यवसायबाट प्राप्त हुने आम्दानी खर्च र बचतको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४**


पर्यटन व्यवसाय बाहेक अन्य पेशाबाट हुने आम्दानी खर्च र बचतको विवरण २०७२

| क्रम संख्या | व्यवसायको किसिम | प्राप्त औ. बा. आम्दानी (रु.मा) | औ.बा. खर्च (रु.मा) | औ.बा.बचत (रु.मा) |
|---|---|---|---|---|
| १ | कृषि | ३,५०,००० | १,८०,००० | १,७०,००० |
| २ | व्यापार | ७,५०,००० | ४,१०,००० | ३,४०,००० |
| ३ | नोकरी | ३,००,००० | २,००,००० | १,००,००० |
| ४ | ज्याला मजदुरी | २,५०,००० | १,५०,००० | १,००,००० |
| ५ | अन्य | ४,००,००० | २,५०,००० | १,५०,००० |
| जम्मा | | २०,५०,००० | ११,९०,००० | ८,६०,००० |
| औषत | | ४,१०,००० | २,३८,००० | १,७२,००० |

*स्रोत :- स्थलगत सर्वेक्षण २०७३*

तालिका ४ मा पर्यटन व्यवसायमा संलग्न भएका परिवारका सदस्यहरुले गर्ने अन्य पेशाबाट हुने बार्षिक आम्दानी खर्च र बचतको अवस्थालाई देखाईको छ जसमा व्यापार गर्ने परिवारको औ.बा. आम्दानी रु. ७,५०,००० हुने र औ.बा. रु. ४,१०,००० खर्च भई औ.बा. रु. ३,४०,००० बचत हुने गरेको छ । कृषि पेशाको औ.बा. आम्दानी रु. ३,५०,००० भई औ.बा. रु. १,८०,००० खर्च भई औ.बा. रु. १,७०,००० बचत हुने गरेको देखिन्छ । अन्य व्यवसाय गर्ने मानिसहरुले औ.बा.रु. ४,००,००० आम्दानी गर्दा औ.बा. रु.२,५०,००० खर्च भई औ.बा. बचत रु. १,५०,००० हुने गरेको छ । नोकरी तथा ज्याला मजदुरी गर्नेको औषत बचत कम देखिएता पनि उनिहरुको परिवारका सदस्यहरुको प्रमुख पेशा पर्यटन भएकोले आर्थिक अवस्था सन्तोषजनक मान्न सकिन्छ । पर्यटन व्यवसायमा संलग्न परिवारका सदस्यहरुको अन्य व्यवसायबाट हुने बार्षिक औषत आम्दानी , खर्च र बचतको अवस्थालाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिन्छ ।

पर्यटन व्यवसाय बाहेक अन्य पेशाबाट हुने आम्दानी खर्च र बचतको विवरण २०७२




*स्रोत :- तालिका ४*

### ४.१.४.२ पर्यटन व्यवसाय र गैर पर्यटन व्यवसायको आम्दानी बिचको तुलना (Compare the Income Between Tourism Enterprises and Non Tourism Enterprises)

इलाम जिल्लामा रहेका पर्यटन व्यवसायमा संलग्न परिवारका अन्य सदस्यहरुहरुले पर्यटन व्यवसाय बाहेक गैर पर्यटन (कृषि, व्यापार, नोकारी, ज्याला मजदुरी, अन्य) व्यवसायमा पनि संलग्न रहेका छन् । जसको आम्दानी खर्च र बचतको विवरण माथी ४.१.४.१ मा उल्लेख गरी सकिएको छ । पर्यटन व्यवसायमा संलग्न परिवारका सदस्यहरुको गैर पर्यटन व्यवसायबाट हुने आम्दानी र पर्यटन व्यवसायबाट हुने आम्दानीलाई निम्नानुसार तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ५**

पर्यटन व्यवसाय र गैर पर्यटन व्यवसायको आम्दानी बिचको तुलना २०७२

| क्र.स | पर्यटन व्यवसाय | औषत बार्षिक आम्दानी (रु.मा) | गैर पर्यटन व्यवसाय | औषत बार्षिक आम्दानी (रु.मा) |
|---|---|---|---|---|
| १ | होटल/लज | १२,५०,००० | कृषि | ३,५०,००० |
| २ | होम स्टे | ६,००,००० | व्यापार | ७,५०,००० |
| ३ | सवारी चालक | ५,००,००० | नोकरी | ३,००,००० |
| ४ | घोडचडी | ७,००,००० | ज्याला मजदुरी | २,५०,००० |
| ५ | पर्यटन लक्षित कृषि जन्य बस्तु उत्पादक | ११,५०,००० | अन्य | ४,००,००० |
| ६ | अन्य | ५,००,००० | | |
| जम्मा | | ४७,००,००० | | २०,५०,००० |
| औषत आम्दानी | | ७,८३,३३३.३३ | | ४,१०,००० |

*स्रोत :- स्थलगत सर्वेक्षण २०७२*

तालिका ५ मा पर्यटन व्यवसाय र पर्यटन व्यवसायमा संलग्न परिवारका अन्य सदस्यहरुको गैर पर्यटन व्यवसायबाट हुने आम्दानीलाई तुलना गरीएको छ । पर्यटन व्यवसायबाट औषत बार्षिक आम्दानी रु. ७,८३,३३३.३३ रहेको छ भने गैर पर्यटन

व्यवसायमा औषत बार्षिक आम्दानी रु. ४,१०,००० रहेको छ । जुन गैर पर्यटन व्यवसायको औषत बार्षिक आम्दानी भन्दा रु. ३,७३,३३३.३३ ले बढी हुन आँउछ । पर्यटन र गैर पर्यटन व्यवसाय दुबै आम्दानीलाई हेर्दा औषत रु. ११,९३,३३३.३३ हुने देखिन्छ यसरी समग्रमा हेर्दा एकै परिवारका सदस्यहरुमा पनि कुनै सदस्यहरुले पर्यटन व्यवसायमा संलग्न हुँदा परिवारिक आयमा बृद्धि भएको देखिन्छ ।

### ४.१.४.३ विविध खर्च तथा बचत (Extra Expenditure & saving)

अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका व्यवसायीहरुको अन्य सम्बन्धित व्यवसायमा बाहेक अन्य क्षेत्रमा हुने औषत बार्षिक खर्च र बचतको विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६**

विविध खर्च तथा बचतको विबरण २०७२

| बचत/खर्चको विवरण | व्यवसायको किसिम | | | | | |
|---|---|---|---|---|---|---|
| | होटल/लज | होम स्टे | हर्स राइडर | सवारी चालक | पर्यटक लक्षित कृषिजन्य बस्तु उत्पादन गर्ने | अन्य |
| व्यवसायीक बचत (रु.मा) | ७,५०,००० | २,७५,००० | ३,५०,००० | ३,००,००० | ४,५०,००० | २,००,००० |
| उपभोग खर्च (रु.मा) | ५,५०,०० | ३०,००० | ३५,००० | ४०,००० | ५०,००० | २५,००० |
| शिक्षा (रु.मा) | ३,५०,०० | २०,००० | २०,००० | ३०,००० | ३५,००० | १०,००० |
| स्वास्थ्य (रु.मा) | ४०,००० | २५,००० | २२,००० | ३०,००० | २५,००० | १०,००० |
| चाडपर्व (रु.मा) | ५०,००० | ३०,००० | ३५,००० | ३५,००० | ४०,००० | २५,००० |
| सञ्चार (रु.मा) | १५,००० | १०,००० | १२,००० | १५,००० | १८,००० | ८,००० |
| मनोरन्जन (रु.मा) | २५,००० | १५,००० | १२,००० | १३,००० | २२,००० | ७,००० |
| विविध (रु.मा) | ६०,००० | ३०,००० | २५,००० | ३०,००० | ४०,००० | १५,००० |
| जम्मा खर्च (रु.मा) | २,८०,००० | १,६०,००० | १,६१,००० | १,९३,००० | २,३०,००० | १,००,००० |
| जम्मा बचत (रु.मा) | ४,७०,००० | १,१५,००० | १,८९,००० | १,०७,००० | २,२०,००० | १,००,००० |

*स्रोत :- स्थलगत सर्वेक्षण २०७२*

तालिका ६ मा पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको परिवारिक बार्षिक रुपमा हुने खर्चको विभिन्न शिर्षक अनुसारको विवरणलाई प्रस्तुत गरिएको छ । होटल व्यवसाय संचालन गर्ने व्यवसायीको सबैभन्दा बढि रु. २,८०,००० औ.बा. खर्च हुने गरेको देखिन्छ । त्यसैगरी पर्यटक लक्षित कृषिजन्य बस्तु उत्पादन गर्ने व्यवसायीहरुको औ.बा.रु. ४,५०,०००

व्यवसायीक बचत रहेकोमा औ.बा. खर्च रु. २,३०,००० भएको र औ.बा बचत रु. २,२०,००० भएको छ ।  सवारी चालकको व्यवसायीक बचत औ.बा. रु. ३,००,००० भएकोमा औ.बा. रु.१,९३,००० खर्च भई औ.बा. रु. १,०७,००० बचत भएको छ । होम स्टे संचालन गर्ने व्यवसायीहरुको व्यवसायीक बचत औ.बा. रु.२,७५,००० भएकोमा औ.बा. खर्च रु. १,६०,००० भई औ.बा. रु. १,१५,००० औ.बा बचत भएको छ भने पर्यटन संग सम्बन्धीत अन्य व्यवसायहरु संचालन गर्ने व्यवसायीहरुको औ.बा. रु.२,००,००० हुने गरेकोमा औ.बा. रु. १,००,००० खर्च भै जम्मा बचत औ.बा. रु. १,००,००० भएको देखिन्छ ।

### ४.१.४.४ लगानीको अवस्था (Investment Status)

यस अध्ययनमा समाबेश पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको व्यवसाय सञ्चालनको लागि गरिएको औषत लगानीको अवस्थालाई निम्नानुसार तालिकमा प्रस्तुत गरिएको छ ।

**तालिका ७**

पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको व्यवसाय सञ्चालनको लागि गरिएको औषत लगानीको अवस्था २०७२

| क्र. सं | व्यवसायको किसिम | औषत न्यूनतम संचालन लागत (रु.मा) | सञ्चानकहरुको औषत लगानीको स्रोत | | |
|---|---|---|---|---|---|
| | | | अन्य व्यवसायबाट आर्जित बचत तथा पैत्रिक मौज्दात (रु.मा) | व्यक्तिगत ऋण (रु.मा) | वित्तिय संस्थाको सहयोग (रु.मा) |
| १ | होटल तथा लज | २०,००,००० | १०,००,००० | ५,००,००० | ५०,०,००० |
| २ | होम स्टे | ५,००,००० | ५,००,००० | ०० | ०० |
| ३ | हर्स राइडर | १,५०,००० | १,००,००० | ५०,००० | ०० |
| ४ | सवारी चालक | १५,००,००० | १०,००,००० | २,००,००० | ३,००,००० |
| ५ | पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादक | १२,००,००० | ६,००,००० | २,००,००० | ४,००,००० |
| ६ | अन्य | २,००,००० | १,००,००० | १००,००० | - |

*स्रोत :- स्थलगत सर्वेक्षण २०७२*

तालिका ७ मा पर्यटन व्यवसायमा संलग्न व्ययसायीहरुको व्यवसाय संचालनको लागि गरिएको न्यूनतम लगानीको अवस्थालाई देखाईको छ । इलाम जिल्लामा रहेका पर्यटन व्यवसायमा सबैभन्दा बढि लगानी होटल व्यवसाय संचालनमा औ.रु. २०,००,००० रहेको छ जसमा औ रु. १०,००,००० अन्य व्यक्तिगत श्रोतबाट जम्मा गरेको रकम रहेको र औ.रु. ५,००,००० व्यक्तिगत ऋण (साहु महाजन वा चिनजान छर छिमेकीबाट) संकलन गरेको र बाँकी रकाम बित्तिय संस्थाहरुबाट लिएको पाइएको छ । त्यसै गरेर सवारी साधन संचालनको चाहिने औ.रु. १५,००,००० मध्ये औ.रु. १०,००,००० अन्य व्यवसायबाट आर्जित बचत तथा पैत्रिक मौज्दात भएमा बाँकी औ.रु. ५,००,००० बित्तिय संस्था तथा व्यक्तिगत ऋण द्वारा परिपुर्ति गरेको देखिन्छ । पर्यटन लक्षित कृषि जन्य बस्तु उत्पादन गर्ने व्यवसायीहरुको लागि व्यवसाय संचालनमा औ.ला रु. १२,००,००० लाग्ने र उक्त रकम अन्य व्यवसायबाट आर्जित बचत तथा पैत्रिक मौज्दात र बाँकी बित्तिय सहयोग तथा ऋणको माध्यमबाट परिपुर्ती भएको पाइयो भने होम स्टे संचालनमा औ.ला. रु. ५,००,००० मा संचालन हुने र त्यसको लागि अन्य व्यवसायबाट आर्जित बचत तथा पैत्रिक मौज्दातबाट नै व्यवसायीहरुले परिपुर्ती गरेको देखियो । त्यस्तै गरेर हर्स राईडिङ्को लागि आवश्यक औ. रु. १,५०,००० मध्ये औ रु. १,००,००० मौज्दात तथा बाँकी औ.रु. ५०,००० ऋणबाट संचालन गरेको पाइयो । हर्स राइडिङको लागि दर्ता प्रक्रियामा नरहेकोले बित्तिय सहयोग नरहेको पाइयो ।

### ४.१.५. इलाम जिल्लाका पर्यटन व्यवसायी र उनिहरुको परिवारको शैक्षिक अवस्था (Educational Status of Tourism Enterprenure and their Family to Ilam District )

यस अध्ययनको लागि नमुना परेको इलाम जिल्लामा पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको शैक्षिक अवस्थाको बारेमा विश्लेषण गरिएको छ । व्यवसायमा संलग्न ५३८ व्यावसायीहरु मध्ये नमुना छनौटमा परेका १०० जना व्यवसायीहरु शिक्षाको स्तरको बारेमा अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका व्यवसायीहरुको बालबालिका संख्या, उनीहरुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक अवस्थाको बारेमा अध्ययन गरिएको छ ।

### ४.१.५.१ व्यवसायीहरुको शैक्षिक स्तर (Educational Level of Enterprenure)

अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका व्यवसायीहरुको शैक्षिक तहलाई स्थलगत सर्वेक्षण गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।


**तालिका ८**

व्यवसायीहरुको शैक्षिक स्तर २०७२

| क्र.स | शिक्षाको तह | व्यवसायी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ० | ० |
| २ | साक्षर | ६ | ६ |
| ३ | प्राथमिक | ११ | ११ |
| ४ | एस.एल.सी. | २२ | २२ |
| ५ | उच्च मा.वि. | ३४ | ३४ |
| ६ | उच्च शिक्षा | २७ | २७ |
| जम्मा | | १०० | १०० |

*स्रोत :- स्थलगत सर्वेक्षण २०७२*

तालिका ८ मा अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरु सबै साक्षर रहेको पाइयो । सामान्य साक्षर रहेका व्यवसायीहरु ६ जना , प्राथमिक तह सम्म अध्ययन गरेका ११ जना रहेको पाइयो भने एस.एल. सी. सम्म अध्ययन पुरा गरेका २२ जना, उच्च मा.वि. सम्म अध्ययन गरेका ३४ जना र उच्च शिक्षा हासिल गरेका २७ जना व्यवसायीहरु रहेको तालिकाबाट देखाइएको छ । अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुमा सबैभन्दा बढि उच्च मा.वि. सम्मको अध्ययन पुरा गरेका व्यवसायीहरु रहेको देखिन्छ भने सबैभन्दा कम प्राथमिक तहसम्म अध्ययन गरेका व्यवसायीहरु रहेको र नमुना छनौटमा परेका व्यवयासीहरुमा कोही पनि निरक्षर नरहेको पाइएको छ । यस तथ्याङ्कलाई निम्नानुसार वृत चित्रमा प्रस्तुत गरिएको छ ।




स्रोतः- तालिका ८

### ४.१.५.२ उमेरको आधारमा परिवारका बालबालिकाको संख्या (Number of Children by Age )

यस अध्ययनको नमुना छनौट गरेको इलाम जिल्लामा रहेका पर्यटन व्यवसायीहरुका बालबालिकााहरुको उमेरको समुहलाई हेरिएको छ । जसमा जन्मेदेखि १४ बर्ष उमेरका बालबालिकाहरुलाई मात्र समावेश गरिएको छ । १४ बर्ष भन्दा माथिको उमेर बालबालिकाको उमेर समुहमा नपर्ने भएकोले उक्त समुहलाई हेरिएको छैन । यसरी उमेरगत आधारमा बालबालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छ ।


**तालिका ९**

बालबालिकाको उमेरगत विवरण २०७२

| क्र.स | उमेर (बर्षमा) | बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-४ | १२ | १६.६६ |
| २ | ५-८ | १७ | २३.६२ |
| ३ | ९- १२ | १५ | २०.८३ |
| ४ | १३-१४ | २८ | ३८.८९ |
| जम्मा | | ७२ | १०० |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७२*

तालिका ९ मा पर्यटन व्यवसायमा संलग्न १०० जना व्यवसायीहरुको जन्मेदेखि १४ बर्ष उमेर समुहका ७२ जना बालबालिकाहरु रहेका छन् । जसमा ०-४ उमेर समुहका १२ जना, ५-८ उमेर समुहका १७ जना, ९-१२ उमेर समुहका १५ जना र १३-१४ बर्ष उमेर समुहका बालबालिका २८ जना रहेको पाइयो । यस तथ्याङ्कलाई निम्नानुसार वृत चित्रमा प्रस्तुत गरिएको छ ।




*स्रोत : तालिका ९*

### ४.१.५.३ बालबालिकाको शैक्षिक संस्था सम्बन्धी विवरण (Description of Educational Institution Studying Children)

नमुना छनौटमा परेको क्षेत्रका पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको बालबालिकाहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा अध्ययन गर्दै गरेको शैक्षिक संस्था सम्बन्धी विवरणलाई उल्लेख गरिएको छ । यस क्रममा सरकारी र निजी शैक्षिक संस्थामा अध्ययन गर्ने बालबालिकाको संख्यालाई छुट्याईएको छ । यसमा ४-१४ बर्ष उमेर समुहका बालबालिकाहरुको संख्यालाई मात्र समावेश गरिएको छ । ०-४ बर्ष उमेर समुहका बालबालिकाहरु विद्यालय उमेर भित्र नपर्ने भएको कारणले ४-१४ वर्ष उमेर समुहका बालबालिकाहको अध्ययन गर्ने शैक्षिक संख्या सम्बन्धी विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।


## तालिका १०

शैक्षिक संस्था सम्बन्धी विवरण

| क.स | उमेर समुह (बर्षमा) | बालबालिका संख्या | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | स्थानीय निजि विद्यालयमा | जिल्ला बाहिरका निजि विद्यालयमा | सरकारी विद्यालयमा |
| १ | ५-८ | १७ जना | १० जना | ४ जना | ३ जना |
| २ | ९-१२ | १५ जना | ११ जना | २ जना | २ जना |
| ३ | १३-१४ | २८ जना | १२ जना | १० जना | ६ जना |
| जम्मा | | ६० जना | ३३ जना | १६ जना | ११ जना |

*स्रोत :-स्थलगत सर्वेक्षण २०७२*

तालिका १० मा, पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुका बालबालिकाहरु र तिनीरुले अध्ययन गर्ने शैक्षिक संस्थाको विवरणलाई प्रस्तुत गरिएको छ । नमुना छनौटमा परेका पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुका जम्मा ६० जना बलबालिकाहरु मध्ये ११ जना बालबालिकाहरुबाहेक अन्य सवै बालबालिकाहरु निजि विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो जसमा पनि १६ जना बालबालिकाहरु जिल्ला बाहिरका सुविधा सम्पन्न निजि विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो । नमुना संकलन गरिएका अधिकाशं बालबालिकाहरु निजि विद्यालयमा अध्ययन गर्ने गरेको पाइएकोले अन्य व्यवसायमा भन्दा पर्यटन व्यवसायमा राम्रो आम्दानी भएको समेत यसबाट थाहा पाउन सकिन्न ।  यस तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




*स्रोत :- तालिका १०*

### ४.१.५.४ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Children)

अध्ययन क्षेत्रका पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुको विद्यालय जाने उमेर समुहका ६० जना बालबालिकाहरु रहेको पाइयो । यसमा प्राथमिक तहको अध्ययन गर्ने बालबालिका २५ जना र नि.मा.वि. तहको अध्ययन गर्ने ३५ जना बालबालिकाहरु अध्ययनरत रहेको पाइयो । समग्र बालबालिकाको शैक्षिक अवस्थालाई हेर्दा अधिकाशं बालबालिकाहरु निजि विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो । नमुना संकलनका क्रममा व्यवसायीरुसँग यसबारेमा जिज्ञासा राख्दा आर्थिक अवस्था सन्तोष जनक रहेको र सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा शैक्षिक गुणस्तर उच्च रहेको निजि विद्यालयमा आफ्ना बालबालिकाहरुलाई अध्यापन गराउने गरेको पाइयो ।

### ४.१.६ पर्यटन व्यवसायको समस्या तथा समाधानका उपायहरु (Problems and Method of Solution of Tourism Business)

यस अध्ययनको नमुना छनौट गरिएको क्षेत्रमा संचालित पर्यटन व्यवसाय संचालन गरिरहेका व्यवसायीहरु, श्रोत व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट, अन्तवार्ता तथा स्थलगत

सर्वेक्षणका क्रममा यस व्यवसायमा विभिन्न सयस्याहरु प्राप्त भएका छन् । प्राप्त समस्याहरु र तिनका समाधानका उपायहरुलाई यसप्रकार प्रस्तुत गरिएको छ ।

### ४.१.६.१ समस्याहरु (Problems)

यस अध्ययन गर्ने क्रममा इलाम जिल्लाका पर्यटन व्यवसायका बारेमा पर्यटन व्यवसायका जानकारहरु, जिल्ला पर्यटन समिति, मेची पहाडी पर्यटन प्रबर्द्धन समिति, इलाम पर्यटन प्रबर्द्धन समिति तथा व्यसायीहरुका अनुसार इलाम जिल्लामा पर्यटन व्यवसायका समस्याहरु निम्न रहेका छन् ।

१. **भाषाको समस्या (Problem of Language)** : - पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरुलाई भाषाको ससम्या पर्ने गरेको पाइयो । विशेष गरी बाह्य पर्यटकहरु आएको अवस्थामा ति पर्यटकहरुसँग कुराकानी गरी उनिहरुलाई चाहिने सेवा सुविधा तथा उनिहरुका समस्याहरु पहिचान गर्नमा समस्या उत्पन्न भएको पाइन्छ । कतिपय अवस्थामा पर्यटकहरुले उक्त क्षेत्रको बारेमा राम्रो जानकारी पाउन नसकेर पर्यटकहरुलाई आकर्षण गर्ने क्षेत्र तथा वस्तुहरु सम्म पनि पुग्न नसकेको अवस्था पाइयो ।

२. **निरिक्षण एवं अनुगमनमा समस्या (Problem of Supervision and Monitoring) :-** अध्ययन क्षेत्रमा रहेका पर्यटन व्यवसायीहरुका अवस्था र यसलाई दिगो र दिर्घकालिन व्यवस्थित पेशा बनाउनका लागि राज्य र पर्यटन का क्षेत्रका काम गर्ने संघ सँस्थाहरुले व्यवस्थित निरिक्षण अनुगमन गरि उनिहरुका तत्कालिन आवस्था र समस्याहरु पहिचान गरि समस्या समाधानमाका लागि प्रयासहरु नभएकोले व्यवसायीहरुमा नैरश्यता आएको पाइयो ।

३. **तालिमको समस्या (Problem of Training) :-**कुनै पनि पेशा व्यवसाय सफल हुनुमा सम्बन्धीत पेशाको वारेमा नयाँ नयाँ तरिकाहरु र सफलताका शुत्रहरु थाहा पाउनु आवश्यक हुन्छ र कसरी पेशामा नयाँपन र अकर्षण गर्ने सकिन्छ भनेर सम्बन्धित व्यवसायीहरुलाई आवश्यक तालिम तथा ज्ञानहरु

सरकारी, गैर सरकारी संस्था तथा सरोकारवाला संख्याहरुले बेलावेलामा दिइएको पाइएन । जसले गर्दा व्यवसायीहरुमा अन्यौलता छाएको पाइयो ।

४. **भू-स्वामित्वको अभाव (Problem of Ownership of Land)** : इलाम जिल्लामा रहेका नमुना छनौटमा परेका व्यवसायीरुको उक्त क्षेत्रमा व्यवसाय संचालन गर्नका लागि आवश्यक पर्ने जमिनको स्वामित्व नभएको पाइयो । खासगरी पर्यटकीय क्षेत्र कन्याममा रहेको अधिकाशं जग्गाहरु नेपाल सरकारको नाममा रहेको र उक्त क्षेत्रमा रहेको चिया बगान त्रिबेणी ग्रुपलाई लिजमा दिएकोले गर्दा कतिपय व्यवसायीहरुले स्थायी रुपले व्यवसाय संचालनका लागि व्यवस्थित बसोबास बसाउन नसकेकोले रहेका केही खुल्ला स्थानमा साना छाप्रा टहरा बनाएर बस्नुपरेको बध्यता रहेको छ भने कतिपयले साविक कन्याम गाँउ विकास समितिको नाममा रहेको जमिनमा सूर्योदय नगरपालिका कार्यालयलाई बहाल बिटौरी बुझाइरहेको व्यवसाय संचालन गरेको पाइयो भने कतिपय व्यवसायीहरु पर्यटकीय क्षेत्र बाहिरबाट उक्त स्थानसम्म धाएर दिउसोको समयमा व्यवसाय सचांलन गरिरहेका छन् ।

५. **छुट्टै स्थानको अभाव (Problem of Extra Place) :-** इलाम जिल्लामा रहेका विभिन्न पर्यटकीय क्षेत्रहरुमध्ये केही क्षेत्र मेची राजमार्गमा पर्ने भएकोले सडक किनारमै बसेर व्यवसाय संचालन गर्नु पर्ने व्यवसायीहरुको समस्या छ भने सडकबाटै पर्यटकहरु छुम्ने फोटो खिच्ने तथा बनभोजका लागि आउने समुहहरु सडक किनारमा नै बनभोज खाने गरेकोले सडक अव्यवस्थित हुन गई दुर्घटनाको उच्च जोखिममा देखिएको छ भने हर्स राइडिङ्का लागि समेत छुट्टै बाटोको अभाबमा मेची राजमार्गमै रहेकोले जोखिमपूर्ण देखिन्छ साथै सवारी साधनको लागि व्यवस्थित पार्किङ्ग स्थल नहुनाले सडक किनारमा सवारी साधन पार्किङ्ग गर्ने गरिएकोलेले सडकमा सवारी साधनको अनावश्यक भिडभाड हुने गरेको पाइयो ।

६. **व्यवसाय दर्तामा कठिनाई (Problem Of Business Registration)** : अध्ययन क्षेत्रमा संचालित पर्यटन व्यवसायको दर्तामा समस्या देखिएको छ । होटल/लज, होम स्टे, तथा कृषि जन्य बस्तु उत्पादनका व्यवसाय सम्बन्धीत

कार्यालयमा दर्ता भए तापनि हर्स राईडिङ् तथा सवारी साधनको व्यवसाय अनुमती पत्रको व्यवस्था नभएकोले व्यवसायीहरुको यकिन तथ्याङ्क उठाउन तथा अन्य बाहिरी मानिसहरुले फाइदा उठाउने गरेको देखिन्छ ।

७. **सुरक्षाको समस्या (Problem of Security) :-** अध्ययन क्षेत्रमा पर्यटनलाई प्रमुख आधार बनाएर व्यवसाय सचांलन गरिहेका व्यवसायीहरुको व्यवसायको सुरक्षाको अभाव देखिएको छ । सम्बन्धीत व्यवसायको बिमा तथा व्यवसाय संचालनमा कुनै हानी नोक्सानी भएका त्यसको क्षतिपुर्ती प्राप्त गर्ने आधार कुनै निकायबाट सुरक्षित गरिएको पाइएन ।

### ४.१.६.२ समाधानका उपायहरु (Methods of Solutions)

कुनै पनि काम गर्ने कुरा सरल र सहज हुँदैन विभिन्न प्रकारका समस्याहरु देखा पर्दछन् वा आइपर्दछन् । समस्या आइलाग्ने बित्तिकै त्यो काम छोड्ने भन्दा पनि त्यसलाई कसरी समाधान गर्ने भन्ने तिर लाग्नु पर्दछ । यस अध्ययनमा समावेश अध्ययन क्षेत्रका पर्यटन व्यवसायका व्यवसायीक समस्याहरु माथी उल्लेख गरि सकिएको छ । अध्ययन क्षेत्रका सरोकारवालाहरु सँगको अन्तक्रृयाको क्रममा इलाम जिल्लामा पर्यटन व्यवसायका समस्या समाधानका उपायहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

पर्यटन व्यवसायबाट जतिसक्दो बाह्य पर्यटकहरुलाई सेवा सुविधा दिलाउन सकेमा पेशागत तथा राज्यको पनि प्रमुख आय आर्जनको स्रोतको रुपमा रहने भएकोले देश विकासको आधारको रुपमा रहन सक्दछ । बिदेशी पर्यटकहरुलाई आकर्षित गरि त्यस क्षेत्रमा जतिसक्दो धेरै समय सम्म रमाउने बातावरण सृजना गर्नका लागि व्यवसायीहरुमा भाषागत समस्याहरु हटाउनका लागि सरोकारवाला संस्थाहरुले सम्न्धीत व्यवसायीहरुलाई बिभिन्न देशका आधारभुत भाषाको तालिम तथा अग्रेंजी भाषाको व्यवहारीक ज्ञान दिनु आवश्यक देखिएको छ ।

पर्यटन व्यवसायको सम्भावना बोकेको क्षेत्रहरुमा राज्यको तर्फबाट के कस्तो भइरहेको छ ? व्यवसायीहरुका समस्याहरु के कस्ता रहेका छन् ? यसलाई व्यवस्थित गर्न के गर्ने भन्ने बारेमा समय समयमा निरिक्षण तथा अनुगमन गरि समस्या समाधान तिर लागेमा व्यवयास थप उचाइमा जाने देखिन्छ ।

मानिस आफैमा पूर्ण रुपमा सक्षम नहुने भएकोले क्षमता विकास संचालनको लागि पर्यटनलाई प्रमुख आधार बनाएर संचालित व्यवसायीहरुलाई व्यवसाय संलालनको नयाँ नयाँ ज्ञान तथा सीप प्रदान गर्नका लागि समय समयमा तालिम, अभिमुखीकरण तथा अन्य देश तथा विदेशका पर्यटकीय क्षेत्रको अनुगमन भ्रमण कार्यक्रम संचालन गरिएको खण्डमा व्यवसायीहरुका समस्याहरु समाधान हुने देखिन्छ ।

पर्यटन व्यवसाय गर्ने व्यवसायीहरुका लागि घरबास तथा व्यवसाय गर्ने स्थानको उचित व्यवस्था गर्नु पर्ने देखिन्छ । स्थानीय निकाय तथा राज्यले पर्यटन व्यवसाय संचालन रहेको क्षेत्र वरपर रहेका खाली स्थानमा आवास तथा व्यवसाय संचालन गर्ने स्थानको निर्माण गरि दिएमा व्यवसाय थप व्यवस्थित हुने र व्यवसायीहरु तथा व्यवसायको स्थायित्व हुने देखिन्छ । भने पर्यटकीय क्षेत्रमा व्यवस्थित व्यवसाय संचालन गर्नमा लागि नेपाल सरकारको लिजमा दिएको जमिनमा छुट्टै स्थान तथा बाटोको व्यवस्था गर्नु पने देखिन्छ । यस बारेमा सूर्योदय नगरपालिका कार्यलयमा बुझ्दा पर्यटकीय स्थल कन्यामको मेची राजमार्गको दाँया बाँया १५ मिटर राजमार्ग क्षेत्राधिकार क्षेत्रमा पर्यटकका लागि हर्स राईडिङ् मार्ग, पार्किङ् स्थल, तथा व्ववस्थित बनभोज स्थल लगायतका निर्माणका लागि गुरुयोजना निमार्ण भइसकेको कार्यलयका कार्यकारी अधिकृत राजेन्द्र भट्टराईले जानकारी दिनुभयो । उक्त गुरुयोजनाको स्केच अनुसुचीमा राखिएको छ ।

व्यवसायलाई व्यवस्थित रुपमा संचालन गरि संचालनको लागि आधिकारिकता प्रदान गर्नका लागि सम्बन्धित व्यवसायलाई दर्ता तथा नविकरण र व्यवसायिक सुरक्षाको लागि व्यवसायको दर्ता नविकारण र व्यवसायी तथा व्यवसायको बिमा तथा अन्य सुरक्षणको व्यवस्था सरोकारवाला कार्यालय तथा संस्थाहरुले गर्नुपर्ने देखिन्छ । खास गरि अध्ययन क्षेत्रका सवारी साधन तथा हर्स राइडिङ्को लागि अनुमतीपत्र तथा व्यवसायीक अभिलेख राखी थप सुरक्षाको व्यवस्था गरेमा व्यवसाय थप व्यवस्थित हुने देखिन्छ भने अन्य व्यवसायको लागि पनि व्यवसायमा प्रतिस्पर्धा ल्याई व्यवस्थित गर्नका लागि ऋण अनुदान तथा अन्य वित्तिय सहयोग गरी व्यवसायीक आकर्षण बढाउने र पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरी जतिसक्दो धेरै आन्तरीक तथा बाह्य पर्यटकको उपस्थित संख्यामा बृद्धि गरि आय आर्जनमा सफलता ल्याउन सकिन्छ ।

## ४.२ प्राप्तीहरुको साराशं (Summary of Findings)

यो अध्ययनमा इलाम जिल्लामा पर्यटन व्यवसायले पारेका आर्थिक तथा शैक्षिक प्रभाव सम्बन्धमा रहेको छ । यसमा इलाम जिल्लाको पर्यटकीय क्षेत्रको बारेमा उल्लेख गरी इलाम जिल्लामात्र पर्यटनलाई प्रमुख माध्यम बनाई व्यवसाय संचालन गर्ने व्यवसायीहरुका आर्थिक तथा शैक्षिक अवस्था, व्यवसायीहरुको व्यवसाय, त्यसवाट प्राप्तहुने बार्षिक औषत आम्दानी, खर्च, खर्चका शिर्षकहरु, बचत तथा सम्बन्धीत व्यवसायका समस्याहरू विश्लेषण गरि प्रभावकारी समाधानका उपायहरु प्रस्तुत गर्नु अधययनको मुख्य उद्देश्यहरु रहेका छन् । यस् उद्देश्यहरुलाई पुरा गर्न वर्णनात्मक, विश्लेषणात्मक पद्दती अपनाइएको छ । जसको लागि तालिका, वृत चित्र, स्तम्भ चित्र आदिको प्रयोग गरि प्राथमिक र द्बितीय तथ्याङ्कको माध्यमबाट विश्लेषण गरिएको छ ।

तथ्याङ्क संकलनको क्रममा इलाम जिल्लाका प्रमुख पर्यटकीय क्षेत्रहरुमा गई तिनीहरुको बारेमा स्थलगत अवलोकनको क्रममा अवलोकन  फारम निर्माण गरि आवश्यक सुचना तथा तथ्याङ्क संकलन गरिएको थियो । त्यसैगरि अध्ययन क्षेत्रमा रहेका पर्यटन व्यवसायीहरु मध्ये, होटल/लज संचालक, सवारी चालक, होम स्टे संचालक हर्स राईडर, पर्यटन लक्षित कृषि जन्य बस्तु उत्पादन गर्ने उत्पादकहरु मध्येबाट जम्मा १०० जना व्यवसायहरुहरु छनौट गरीएको थियो । अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यवसायीहरुबाट प्राप्त सुचनाहरुलाई प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा लिइएको थियो भने, मेची पहाडी पर्यटन प्रवर्धन समिति, इलाम पर्यटन प्रवर्धन सरोकार समिति, जिल्ला विकास समिति इलाम, केन्द्रीय तथ्याङ्क विभाग, पर्यटन मन्त्रालय र अन्य संस्थाहरुबाट प्रकाशित र अप्रकाशित तथ्याङ्कहरुको सहयोग लिइएको थियो । यस अध्ययनको क्रममा समावेश गरिएका कुराहरुलाई साराशंको रुपमा बुँदागत रुपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

- इलाम जिल्ला सुदुर पुर्वी नेपालका प्रमुख गन्तव्य स्थलको रुपमा विकसित भइरहेको छ । यसको मुख्य आधार भनेको यहाँको हरियाली स्वच्छ शितल वाताबरण नै हो । यस अध्ययनको क्रममा इलाम जिल्लामा सन्दकपुर, माइपोखरी, कन्याम, श्री अन्तु, सिद्धिथुम्का, छिन्टापु, इलाम नगरपालिका, माङ्सेबुङ,

माङ्मालुङ, गजुरमुखी, हाँसपोखरी पाथिभरादेवी, पशुपतिनगर, हाँगेथाम/चोयाटार यस क्षेत्रको पयटकीय क्षेत्र र पर्यटन व्यवसायको प्रशस्त सम्भावना रहेको क्षेत्रको रुपमा पाइयो ।

- अध्ययनको लागि नमुना छनौट गरिएको इलाम जिल्लाका पर्यटकीय क्षेत्रहरुमा पर्यटनलाई लक्षित गरि होटल/लज, होम स्टे, हर्स राइडिङ, सवारी चालक कृषि जन्य बस्तु उत्पादन गर्ने तथा अन्य पर्यटन लक्षित व्यवसाय गरि जम्मा ५६८ परिवारका व्यवसायीहरुको वर्तमान अवस्थाको बारेमा उल्लेख गरिएको छ । जसमा सबैभन्दा बढी होटल/लज संचालकहरु २१७ जना, सवारी चालक, १७५ जना, पर्यटक लक्षित कृषि जन्य बस्तु उत्पादन गर्ने ६९ जना, हर्स राइडर ४३ जना र अन्य व्यवसाय गर्ने २५ जना रहेको र होम स्टे व्यवसाय सुरुवातको चरणमा रहेको पाइएको छ ।
- अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुको व्यवसायगत औषत बार्षिक आम्दानी, खर्च तथा बचतको अवस्थालाई अध्ययन गरि विश्लेषण गरिएको छ । जसमा होटल संचालको औ.आ. रु.१२,५०,००० गर्ने गरेको पाइयो जुन अन्य व्यवसायको तुलनामा सबैभन्दा बढी हो । होटलको आयआर्जनको स्रोत गैर पर्यटन क्षेत्र समेत भएको हुँदा यस व्यवसायको आम्दानी बढी भएको हो । भने सबैभन्दा कम हर्स राईडर तथा अन्य व्यवसायीहरुको औ.आ. रु. ५,००,००० रहेको छ भने लगानीको तुलनामा हर्स राइडिङ्को लगानी आम्दानी तथा बचतको अवस्था अन्य व्यवसायीहरुको भन्दा राम्रो देखिन्छ ।
- व्यवसायीहरुको आम्दानी, खर्च र बचतको अवस्थालाई हेर्दा होटल व्यवसाय गर्ने परिवारको औ. बा. आम्दानी सवैभन्दा बढि .रु. १२,५०,००० रहेको छ । यस व्यवसायमा औ.बा. रु. ५,००,००० खर्च भई आ.बा. रु. ७,५०,००० बचत भएको देखिन्छ । त्यसैगरी पर्यटक लक्षित कृषिजन्य बस्तु उत्पादन गर्ने व्यवसायीको औ. बा. आम्दानी रु. ११,५०,००० रहेको छ । व्यवसाय संचालनको औ.बा. खर्च रु. ७,००,००० भई औ. बा. बचत रु.४,५०,००० भएको पाइयो भने सवारी चालकको औषत बार्षिक आम्दानी रु. ७,००,००० हुँदा औ.बा. खर्च रु. ४,००,००० भई औ.बा. रु.३,००,००० बचत गरेको पाइयो त्यसैगरी होम स्टे सञ्चालन गर्ने व्यवसायीहरुले औ.बा. आम्दानी रु. ६,००,००० हुँदा औ.वा. रु.

३,२५,००० खर्च भई औ.बा. रु. २,७५,००० बचत गरेको देखिन्छ त्यस्तै हर्स राइडरको औ.बा. आम्दानी रु ५,००,००० हुँदा व्यवसायमा औ.बा. रु. १,५०,००० खर्च भई औ.बा. रु. ३,५०,००० बचत भएको छ भने अन्य व्यवसाय गर्नेको औ.बा. आम्दानी रु. ५,००,००० हुने गरेको र आ.बा. खर्च रु. ३,००,००० भई बचत औ.बा. रु. २,००,००० हुने गरेको अध्ययनले देखाएको छ ।

- व्यवसायीहरुको व्यवसाय संचालनको लागि व्यवसाय संचालनको लगानीको आधारलाई अध्ययनले विश्लेषण गरेको छ । संक्षेपमा भन्नु पर्दा पर्यटनलाई प्रमुख आधार बनाएर संचालन गरिने व्यवसायको सुरुवातको लागि कम्तीमा ५०% रकमको मैज्दात हुन आवश्यक देखिएको छ । लामो समयदेखि यस क्षेत्रमा दर्ता भइ सचंलन भइरहेकका व्यवसायहरु संचालन गर्नका लागि चाहिने कम्तीमा २५ सहयोग स्थानीय बित्तिय संस्थाहरु तथा चिनजानका सायीभाई तथा साहु माजनको ऋण सहयोगमा सचंलन भइरहेको देखिन्छ भने होम स्टे संचालनका लागि उपयुक्त स्थानमा घर भएको खण्डमा सामान्य वस्ने कोठा तथा खानेकुराको व्यवस्थापनका लागि चाहिने मात्र रकम लगानीले सचंलन गर्न सकिने देखिएको छ ।
- नमुना छनौटमा परेका व्यवसायीहरुको शिक्षाको अवस्थालाई हेर्दा निरक्षर व्यवसायीहको संख्या शुन्य रहेको छ । अध्ययन क्षेत्रका रहेका पर्यटन व्यवसायीहरुले न्यनतम प्रा.वि. सम्म अध्ययन गरेका छन् । तुलनात्मक रुपमा हेर्दा उच्च मा.वि. सम्म अध्ययन गरेका व्यवसायीहरु ३४ जना रहेका छन् जुन संख्या नमुना छनौट गरिएका व्यवसायीहरुमा शैक्षिक स्तर सबैभन्दा उच्च संख्या हो ।
- व्यवसायीहरुका विद्यालय जाने उमेर समुहका बालबालिकाको अवस्थालाई हेर्दा १०० परिवारका जम्मा ६० जना बालबालिका रहेकोमा ४९ जना बालबालिकाहरु निजी विद्यालयमा अध्ययन गर्दै गरेको पाइन्छ । त्यसमा पनि १६ जना बालबालिकाहरु जिल्ला बाहिरका निजी विद्यालयमा अध्ययन गर्दै गरेको अध्ययनले देखाएको छ । सरकारी विद्यालयमा जाने विद्यार्थीहरुको संख्या कम हुनुमा व्यवसायीहरुको आर्थिक अवस्था सवल रहेको तथा हाल निजी विद्यालयको तुलनामा सरकारी विद्यालयको शैक्षिक विश्वासनियता कम रहेको देखिन्छ ।

- अध्ययनका क्रममा अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुका व्यवसायगत विभिन्न समस्याहरुहरुका बारेका विश्लेषण गरिएको छ । मुख्य रुपमा भाषाको समस्या, तालिमको अभाव, भू स्वामित्वको समस्या, व्यवसाय संचालन गर्ने छुट्टै ठाँउको समस्या, व्यवसाय तथा व्यवसायीहरुका सूरक्षणको समस्या तथा कतिपय व्यवसायको बारेमा सुचना संचार र व्यवसाय दर्ता सम्बन्धी लगायतका समस्याहरुका वारेमा विश्लेष गरिएको छ ।
- यो अध्ययनमा समावेश पर्यटन व्यवसाय तथा व्यवसायीहरुका समस्या समाधानका उपायहरुको समेत चर्चा गरिएको छ । व्यवसायीहरुलाई समय समयमा तालिम तथा अभिमुखिकरणको व्यवस्था हुनुपर्ने, व्यवसाय तथा व्यवसायीका सुरक्षा, व्यवसाय संचालन गर्ने छुट्टै स्थानको व्यवस्था गर्नु पर्ने जस्ता विविध समाधानका उपायहरु समेत खोजी गरि व्याख्या विश्लेषण गरिएको छ ।

## अध्याय - पाँच

## (CHAPTER-FIVE)

### ५. निष्कर्ष तथा सुझावहरु (Conclusion and Recommendation)

यस अध्यायमा अध्ययनमा राखिएका उद्देश्यहरु प्राप्त गर्नको लागि तथ्याङ्कको व्याख्या विश्लेषण गरिसकेपछि प्राप्त नतिजाहरुलाई निष्कर्ष र सुझावहरुलाई प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion )

यस अध्ययनका लागि छनौट गरिएको इलाम जिल्लाको पर्यटकीय क्षेत्रहरुको बारेमा उल्लेख गर्नु, इलाम जिल्लामा संचालित मुख्य पर्यटन व्यवसायहरु उल्लेख गर्नु, व्यवसायीहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेका प्रभाव र संलग्न व्यवसायीहरुका समस्याहरु र समाधानका उपायहरु खोज्नु यस शोधको मूख्य उद्देश्य रहेको थियो । यी उद्देश्यहरु पुरा गर्नका लागि प्राथमिक र सहायक स्रोतबाट प्राप्त गरिएको नतिजाहरुलाई निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ । जुन यसप्रकार रहेको छ ।

१) इलाम जिल्ला पर्यटकीय हिसावले सुदुर पुर्वी नेपालकै नमुनाको रुपमा चिनिने जिल्ला हो यस अध्ययनको क्रममा इलाम जिल्लाका सन्दकपुर, माइपोखरी, कन्याम, श्री अन्तु, सिद्धिथुम्का, छिन्टापु, इलाम नगरपालिका, माङ्सेबुङ, माङ्मालुङ, गजुरमुखी, हाँसपोखरी पाथिभरादेवी, पशुपतिनगर, हाँगेथाम/चोयाटार यस क्षेत्रको पयटकीय क्षेत्र र पर्यटन व्यवसायको प्रशस्त सम्भावना रहेको क्षेत्रका रुपमा रहेको पाइएको छ ।

२) अध्ययनको लागि इलाम जिल्लामा पर्यटनलाई लक्षित गरि होटल/लज, होम स्टे, हर्स राइडिङ, सवारी चालक कृषि जन्य बस्तु उत्पादन गर्ने तथा अन्य पर्यटन लक्षित व्यवसाय गरि जम्मा ५६८ परिवार पर्यटन व्यवसायमा संलग्न रहेका छन् । ति मध्ये सवैको समानुपातिक प्रतिनिधित्व हुने गरी जम्मा १०० जना व्यवसायीहरुबाट नमुना संकलन गरी तिनीहरुको वर्तमान अवस्थाको बारेमा उल्लेख गरिएको छ । जसमा सबैभन्दा बढी होटल/लज संचालकहरु २१७ जना रहेको र तुलनात्मक रुपमा होम स्टे व्यवसायीहरुको व्यवसायीक सुरुवातको चरणमा रहेकोले संख्या कम ३९ जना परिवार रहेका छन् ।

३) अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुको व्यवसायगत औषत बार्षिक आम्दानी, खर्च तथा बचतको अवस्थालाई हेर्दा जसमा होटल संचालकले औषतमा सबैभन्दा बढी आम्दानी औ.बा.रु. १२,५०,००० खर्च औ.बा.रु. ५,००,००० र बचत औ.बा.रु. ७,५०,००० गर्ने गरेका छन भने हर्स राइडिङ्को आम्दानी औ.बा. रु. ५,००,००० हुने र औ.बा.रु. १,५०,००० खर्च भई औ.बा.रु ३,५०,००० बचत रहेको छ ।

४) व्यवसायीहरुको व्यवसाय संचालनको लागि व्यवसाय संचालनको लगानीको आधारलाई विश्लेषण गर्दा पर्यटनलाई प्रमुख आधार बनाएर संचालन गरिने व्यवसायको सुरुवातको लागि कम्तीमा ५० प्रतिशत रकमको मैज्दात हुन आवश्यक देखिएको छ । लामो समयदेखि यस क्षेत्रमा दर्ता भइ सचंलन भइरहेकका व्यवसायहरु संचालन गर्नका लागि चाहिने कम्तीमा २५ प्रतिशत सहयोग स्थानीय बित्तिय संस्थाहरु तथा चिनजानका साथीभाई तथा साहु माजनको ऋण सहयोगमा सचंलन भइरहेको छ । होम स्टे को लागि आफ्नो घर भएमा खाने तथा बस्ने उचित प्रबन्ध मिलाएमा हुने देखिन्छ । हर्स राइडिङ् व्यवसायको भने व्यवसाय दर्तामा नरहेको र कम लगानीमा संचालन भएका हुने भएकोले बित्तिय सहयोग नरहेको पाइयो ।

५) व्यवसायीहरुको शिक्षाको अवस्था सन्तोषजनक रहेको छ । नमुना छनौटमा परेका व्यवसायीहरुमा निरक्षर व्यवसायीहको संख्या शुन्य छ । अध्ययन क्षेत्रका रहेका पर्यटन व्यवसायीहरु कम्तीमा प्रथमिक तह सम्म अध्ययन गरेका छन् । तुलनात्मक रुपले हेर्दा उच्च मा.वि. सम्म अध्ययन गरेका व्यवसायीहरुको संख्या ३४ जना छ । भने सबैभन्दा कम साक्षर व्यवसायीहरु ६ जना रहेका छन् ।

६) व्यवसायीहरुका विद्यालय जाने उमेर समुहका बालबालिकाको अवस्थालाई हेर्दा १०० परिवारका जम्मा ६० जना बालबालिका रहेकोमा ४९ जना बालबालिकाहरु निजी विद्यालयमा अध्ययन गर्दै गरेका छन् । त्यसमा पनि १६ जना बालबालिकाहरु जिल्ला बाहिरका निजी विद्यालयमा अध्ययन गर्दै गरेको छन् । सरकारी विद्यालयमा जाने विद्यार्थीहरुको संख्या कम हुनुमा व्यवसायीहरुको आर्थिक अवस्था सवल रहेको तथा व्यवसायीहरुमा निजी विद्यालयको तुलनामा सरकारी विद्यालयको शैक्षिक विश्वासनियता कम रहेको छ ।

७) अध्ययन क्षेत्रमा रहेका व्यवसायीहरुका व्यवसायगत विभिन्न समस्याहरुहरुमा मुख्य रुपमा भाषाको समस्या, तालिमको अभाव, भू स्वामित्वको समस्या, व्यवसाय संचालन गर्ने छुट्टै ठाँउको समस्या, व्यवसाय तथा व्यवसायीहरुका सुरक्षणको समस्या तथा कतिपय व्यवसायको बारेमा सुचना संचार र व्यवसाय दर्ता सम्बन्धी लगायतका समस्याहरु विद्यमान रहेका छन् ।

८) व्यवसायीहरुका समस्या समाधानका उपायहरुमा व्यवसायीहरुलाई समय समयमा तालिम तथा अभिमुखिकरणको व्यवस्था हुनुपर्ने, व्यवसाय तथा व्यवसायीका सुरक्षा, व्यवसाय संचालन गर्ने छुट्टै स्थानको व्यवस्था गर्नु पर्ने जस्ता विविध समाधानका उपायहरु समेत खोजी गरि व्याख्या विश्लेषण गरिएको छ ।

## ५.२ सुझावहरु (Recommendations)

यस अध्ययनको आधारमा व्यवसायीहरुलाई सम्बन्धीत व्यवसायबाट आत्मनिर्भर बनाई आर्थिक सामाजिक र शैक्षिक क्षेत्रमा प्रगती गर्दै समग्र देशको गरिबी न्यूनिकरणमा सहयोग गर्दै र पर्यटन व्यवसायलाई थप नयाँ ढंग र तरिकाले अगाडी बढाउने सोच राखेका व्यवसायीहरु, निति निर्माताहरु, सरोकारवाला संघ संस्थाहरु, सबैको सफलतको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ निति सम्बन्धी सुझाबहरु (Policy Releted Recommendation)

अध्ययन क्षेत्रमा पर्यटन व्यवसायले व्यवसायीहरुको आथिक तथा शैक्षिक विकास गर्नका लागि निम्न लिखित नितिगत सुझाबहरु प्रस्तुत गरिएको छ ।

१. यस व्यवसायले व्यवसायीहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पार्दै आएकोले गर्दा अध्ययन क्षेत्रमा भएका अन्य पर्यटकीय क्षेत्र तथा पेशाको पहिचान गर्नु पर्ने देखिन्छ ।

२. पर्यटन व्यवसायीहरुको लागि व्यवसाय संचालनको लागि सरल तरिकाले ऋण सुविधा तथा अन्य बित्तिय सुविधाहरु अपलब्ध गराएमा व्यवसायीहरुको उत्साह हुने देखिन्छ ।

३. पर्यटकीय क्षेत्रहरुलाई व्यवस्थित गर्नका गुरुयोजना तयार गरि अघी बढ्नु पर्ने देखिन्छ ।

४. व्यवसायीहरुलाई समय समयमा तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ ।

५. व्यवसायीहरुको तथा व्यवसायको सुरक्षाको व्यवस्था मिलाउने ।

६. अध्ययन क्षेत्रको पर्यटकीय क्षेत्रमा रहेको ठाँउ नेपाल सरकारले त्रिबेणी ग्रुपलाई ५० बर्षका लागि लिजमा दिएकोले पर्यटकीय क्षेत्रको विकास र विस्तार गर्नमा कठिनाई भएकोले पर्यटकीय क्षेत्रको निश्चित क्षेत्रलाई पर्यटक तथा पर्यटन व्यवसायीहरुका लागि छुट्याउनका लागि आवश्यक पहल गर्नुपर्ने ।

### ५.२.२ प्रयोगात्मक क्षेत्र सँग सम्बन्धित सुझावहरु (Practicle Releted Recommendations)

पर्यटन व्यवसायलाई लाई भविश्यमा अझ लोकप्रिय बनाउनका लागि निम्नलिखित प्रायोगात्मक सुझावहरु प्रस्तुत गरिएको छ :

१. व्यवसायीको दर्ता नविकरण तथा अनुमतीपत्रको व्यवस्था गर्नु पर्ने ।

२. व्यवसायीहरुको व्यवसायगत शुल्क निर्धारण गरी सेवा शुल्क तलिका पर्यटकीय क्षेत्रमा सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

३. व्यवसायहरुले व्यवसाय कसरी संचालन गरिरहेका छन् भन्ने सम्बन्धमा सम्बन्धीत निकायबाट समय समयमा अन्गमन गनु पर्ने ।

४. पर्यटनका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुले पर्यटन व्यवसायलाई निरन्तरता दिन र व्यवसायलाई मर्यादित बनाउन पृष्ठपोषणको काम गर्नु पर्दछ ।

५. व्यवसायीहरुलाई प्रोत्साहन गर्नका लागि उत्कृष्ट व्यवसायहरुलाई बेला बेलामा पुरस्कृत गरी हौसला बढाउनु पर्दछ ।

६. सम्बन्धीत संस्था तथा राज्यले व्यवस्था गरेको निति नियम र व्यवस्थालाई कार्यान्वयन गर्नका लागि व्यवसायी स्वयं इमान्दार र उत्तरदायी हुनु पर्दछ ।

### ५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझावहरु (Future Releted Recommendations)

पर्यटन व्यवसायको विकासले व्यवसायीहरुको आर्थिक तथा शैक्षिक विकासको लागि आगामी अनुसन्धानमा निम्न सहयोग मिल्ने देखिन्छ ।

१. यो अध्ययन इलाम जिल्लाको सम्पूर्ण पर्यटकीय क्षेत्रको भएको हुँदा छुट्टा छुट्टै पर्यटकीय क्षेत्रहरुको छुट्टै अध्ययन गर्न सकिन्छ ।

२. यस अध्ययनमा इलाम जिल्लामा रहेका पर्यटन व्यवसायीहरुको विभिन्न व्यवसायीहरुको एकमुष्ट अध्ययन भएको हुन्नाले छुट्टा छुट्टै व्यवसायगत अध्ययन गर्न सकिन्छ । ।

३. इलाम जिल्लामा पर्यटन प्रवर्द्धनका लागि पर्यापर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन, जनजाती पर्यटन, खेलकुद पर्यटन, शिक्षा पर्यटन, सेमिनार/मिटिङ पर्यटन, स्वास्थ्य पर्यटन, पदयात्रा पर्यटन, जङ्गल सफारी, सूर्योदय पर्यटन, चिया पर्यटन, लयायतका पर्यटनका संभावना प्रशस्त भएकोले यसको अनुसन्धान गर्न सकिन्छ ।

४. इलाम जिल्लामा लोपोन्मुख लाप्चा जातिको बसोबास रहेको हुनाले सांस्कृतिक पर्यटनको खोजी गर्न सकिन्छ ।

# सन्दर्भ सूची (References)


अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण (२०७०/७१), काठमाण्डौं : अर्थ मन्त्रालय, सिहंदरबार ।

कार्की, रनबहादुर (२०५८), *इलाम दर्शन,* बुद्धनगर काठमाडौं : कलर एक्सप्रेस प्रा.लि. ।

कट्टेल, शेषराज (२०७०), "पर्यटन उद्योगले शिक्षा र रोजगारीमा पारेको प्रभाव", अप्रकाशित शोधपत्र, त्रि.वि.वि., शिक्षा शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाण्डौं ।

कार्यविधि दिग्दर्शन (२०६८), घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वर काठमाडौ ।

गौतम, धर्म (२००७), *इलामको पर्यटन विकास : विद्यमान अवस्था, सम्भावना र चुनौतिहरू:* https://ilam.wordpress.com/2007/12/09/dharma11/

गौतम, युवराज (२०१३), *टि-टुरिज्म र नेपालमा यसको सम्भावना;:* कमाण्डर पोष्ट दैनिक, (July७ २०१३) ।

घिमिरे, वसन्त (२०६५), *विकास र अर्थतन्त्र* ,काठमाडौ : मर्स्याङ्दी वाङ्मय प्रतिस्ठान ।

निउरे, ध्रुवप्रसाद (२०६८), *अनुसन्धान पद्धती,* कीतिपुर काठमाडौ : क्वेष्ट पब्लिकेशन ।

नेपाल कानुन आयोग, पर्यटन ऐन २०३५ ।

नेपाल पर्यटन बोर्ड, http://welcomenepal.com/promotional/

पर्यटन निति, (२०६५), संस्कृती पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय ।

बस्नेत, डा. बगला (२०७१), *पर्यटन विकास र गरिबी निवारण* http://www.welovenepal.com/?p=936

भण्डारी, सृजना (२००९) *नेपालको पर्यटन र बजार प्रर्वद्धन,* http://www.phoolbari.com/articles/tarticle.html

भट्टराई, ज्ञानेश्वर (२०७०), *बृहत ज्ञानकोष,* काठमाण्डौ : आशिष बुक्स हाउस प्रा.लि. ।

भुसाल, उद्धप (२०७०), *पर्यटन र विकास,* कठमाण्डौ : तलेजु प्रकाशन

मैनाली, गोपीनाथ (२०७१), *सम्भावना र समस्या बिच नेपालको पर्यटन,* http://www.aarthikdainik.com.np

राष्ट्रिय योजना आयोग (२०७०), *त्रिवर्षिय योजनाको आधारपत्र* (२०६७/०६८ २०६९/०७०), काठमाण्डौ : राष्ट्रिय योजना आयोग ।

वैद्य, युद्धप्रसाद (२०६७), *इलाम एक सम्भावना अनेक*, डिभी डिजाइन ।

शर्मा, खगेन्द्र (२००७), *इलामको पर्यटकीय सम्भावना*
.https://ilam.wordpress.com/2007/12/09/khs/

शर्मा, महेन्द्र (२०१४),*नेपालमा पर्यटन व्यवसाय* http://janamanch.com/?p=5205

शेर्पा, सार्की (२०७१) पर्यटन व्यवसाय र नेपाली संस्कृति
http://sherpakhabar.com/index.php?action=news&id=3408

श्रेष्ठ, विनोद (२०६१), *इलाम एक सम्भावना अनेक*, डिभी डिजाइन ।

सापकोटा, सरोजा (२०६३), चितवन *राष्ट्रिय निकुञ्ज सौराह क्षेत्रको संस्कितिमा पर्यटनले पारेको असर*, अप्रकाशित शोधपत्र, त्रिभूवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।

सिग्देल, विष्णुराज (२०१३), *पर्यटनको भू मण्डलीकरण नेपाली संस्कृतीको लागि अवसर,* http://merouk.com/?p=10093(Oct २५,२०१३) ।

हमाल, लक्ष्मणकुमार (२०७१), *आर्थिक समृद्धिका लागि पर्यटन विकास,* http://nagariknews.com/opinion/story/27656.html ,(कात्तिक २७ २०७) ।

Dahal, R(2005), *Nepal's Tourism* : Uncensored Facts. Kathmandu : Pilgrims Book House.

Johson, D.Z. (1994*) Adventure Travel and Sustainable Tourism in Peripheral Economy of Nepal*, Annals of the Assiociation of Amrican Geographers.

Kunwar, Ramesh Raj.(2002), *Anthropology of Tourism . Delhi* (ADROIT)

http://pustakalaya.org.

http://www.ilampostonline.com/np/2014/07/147/

http://weikipedia.org.

# अनुसूची-१ (Appendix-I)

पर्यटन व्यवसायीहरुका लागि तयार पारिएको प्रश्नावलीको नमुना

## १. व्यवसायीको व्यक्तिगत तथा शैक्षिक विवरण

नाम :- ....................................

ठेगाना :- .................................

परिवार सङ्ख्या :- क) पुरुष ☐ ख) महिला ☐

शैक्षिक योग्यता

क) प्राथमिक ☐ ख) निम्न माध्यमिक ☐ ग) माध्यमिक ☐ घ) उच्च शिक्षा ☐ ङ) निरक्षर ☐

परिवारको शैक्षिक विवरण

| शैक्षिक स्तर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| निरक्षर | | | |
| साक्षर | | | |
| प्रा.वि | | | |
| म.वि | | | |
| उच्च शिक्षा | | | |

## २. पेशागत विवरण :-

| पेशा | महिला | पुरुष | व्यवसायमा संलग्न अवधि (वर्षमा) |
|---|---|---|---|
| होटल/लज | | | |
| हर्स राइडर | | | |
| होम स्टे | | | |
| पथ प्रर्दशक | | | |
| अन्य | | | |

**३. आर्थिक विवरण :-**

| आम्दानी को स्रोत | आम्दानी (मासिक) | खर्च | बचत | कैफियत |
|---|---|---|---|---|
| पर्यटन | | | | |
| अन्य | | | | |

**४. व्यवसायबाट प्राप्त आम्दानीमा तपाइ सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट छु ☐ ख) सन्तुष्ट छैन ☐

**५. तपाइले यस व्यवसाय सञ्चालनको लागि कतैबाट तलिम प्राप्त गर्नुभएको छ ?**

क) छ ☐ ख) छैन ☐

छ भने तालिमको विवरण उल्लेख गर्नुहोस ।

| सि.न | तालिमको विवरण | तालिम दिने संस्था | तालिम अवधी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**६. यस व्यवसायका लागि तापाइले कतैबाट आर्थिक/भौतिक सहयोग प्राप्त गर्नु भएको छ ?**

क) छ ☐ ख) छैन ☐

**७.तपाइ यो पेशामा संलग्न हुनु भन्दा अगाडी र यस पेशामा संलग्न भएपछि तपाइको आफ्नो व्यक्तिगत, शैक्षिक, आर्थिक स्थितिमा फरक पाउनुभएको छ ?**

क) छ ☐ ख) छैन ☐

**८. तपाइलाई यस व्यवसायमा केही समस्याहरु छन् ? छन् भने उल्लेख गर्नुहोस् ।**

........................................................................................

........................................................................................

**९. यस व्यवसायमा तपाइले देख्नुभएका समस्याहरु समाधान गर्न के गर्नु पर्ला ?**

........................................................................................

........................................................................................

........................................................................................

**१०. यस व्यवसायलाई व्यस्थित बनाउन के गर्नु पर्ला ?**

.................................................................................

.................................................................................

**११. तपाइले आफ्ना बालबालिकाहरु अध्ययन गराउनु भएको विद्यालय कस्तो प्रकारको विद्यालय हो ?**

क) सामुदायिक/सरकारी ☐ ख) निजी स्थानीय ☐

ग) अन्य जिल्लाको निजी ☐

# अनुसूची-२ (Appendix-II)

## अवलोकन फारमको नमुना

| सि.नं. | विवरण | अतिउत्तम | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|---|
| १ | व्यवसायीक सम्भावना | | | | |
| २ | प्राकृतिक सुन्दरता | | | | |
| ३ | व्यवसायमा सरकारी क्षेत्रबाट सरसहयोग | | | | |
| ४ | पर्यटकका लागि सुविधाहरु | | | | |
| ५ | रोजगारीको स्थिति | | | | |
| ६ | व्यवसाय प्रतिको रुची | | | | |
| ७ | विकासका पूर्वाधारहरु | | | | |
| ८ | पर्यकटकहरुको सुरक्षा | | | | |
| ९ | व्यवसायीहरुलाई अन्य क्षेत्रहरु बाट सहयोग | | | | |
| १० | व्यवसायीहरुको पारिवारिक आर्थिक अवस्था | | | | |
| ११ | व्यवसायीहरुको पारिवारिक शैक्षिक अवस्था | | | | |
| १२ | पारिवारिक सुविधा | | | | |

# अनुसूची- ३ (Appendix-III)

## इलाम जिल्लामा रहेका मुख्य पर्यटकीय क्षेत्रहरु

### <u>माइपोखरी</u>



### <u>श्री अन्तुबाट देखिने सूर्योदय</u>




# कन्याम









## सन्दकपुर



## इलाम बजार



## टोङ्के झरना




## गजुरमुखी



# अनुसूची- ४ (Appendix-IV)

## इलाम जिल्लाको  प्रमुख पर्यटकीय क्षेत्र कन्यामको पर्यटन विकास सम्बन्धी गुरुयोजना स्केच




स्रोतः-सूर्योदय नगरपालिका कार्यालय